मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
✆ 9808835198
✆ 9807170995
✆ 9803474311
✆ 9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मेरो बारेमा अनुसन्धान गर्नूस्: मन्त्री



समाचार पृष्ठ ५ मा

● वर्ष २ ● अंक २३६ ● २०८१ साल असार ३१ गते सोमबार ● Monday 15, July 2024 ● सूर्योदय: बिहान ५:२० बजे ● सूर्यास्त: साँझ ७:०२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## ओली प्रधानमन्त्री नियुक्त



**मधेशदृष्टि**
**काठमाडौँ ।**

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आइतबार प्रधानमन्त्री पदमा नियुक्त भएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले ओलीलाई संविधानको धारा ७६(२) अनुसार प्रधानमन्त्री पदमा नियुक्त गरेका हुन् ।

राष्ट्रपति कार्यालयले नवनियुक्त प्रधानमन्त्री ओलीको शपथग्रहण सोमबार बिहान ११ बजेका लागि तय गरेको छ ।

प्रचण्ड नेतृत्वको सरकार ढलेसँगै राष्ट्रपतिले शुक्रबार साँझ नयाँ सरकार गठनका लागि आइतबार बेलुका ५ बजेसम्मको समय दिएर आह्वान गरेका थिए । आह्वानलगत्तै ओलीले राष्ट्रपति भवन शीतल निवासमा १ सय ६६ सांसदको समर्थनमा शुक्रबार राति नै प्रधानमन्त्रीमा दाबी पेस गरेका थिए ।

## भाजपामा नयाँ अध्यक्षको खोजी



**भारत ।**
भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय अध्यक्ष जेपी नड्डाको कार्यकाल समाप्त भएको छ । उनको कार्यकाल सन् २०२४ को जुनसम्म लम्बिए पनि अहिले उनलाई सरकारभित्र महत्वपूर्ण जिम्मेवारी दिइएको छ । त्यसैले भाजपा अब नयाँ अध्यक्षको खोजीमा छ ।

भाजपाले यस वर्षको डिसेम्बरसम्ममा नयाँ राष्ट्रिय अध्यक्ष नियुक्त गर्ने लक्ष्य राखेको छ ।

यस पदका लागि अगस्ट १ देखि निर्वाचन प्रक्रिया शुरु हुनेछ । राष्ट्रिय अध्यक्षको निर्वाचनअघि जिल्ला र प्रदेश एकाइलाई सुदृढ गर्दै बृहत् सदस्यता अभियान सञ्चालन गरिने छ ।

प्रारम्भमा, सदस्यता अभियान शुरु हुनेछ र यो सेप्टेम्बर १५ सम्म चल्नेछ । त्यसपछि, सेप्टेम्बर १६ देखि सेप्टेम्बर ३० सम्म सक्रिय सदस्यता अभियान चल्नेछ । अक्टोबर १ देखि अक्टोबर १५ सम्म सक्रिय सदस्यता प्रमाणीकरण सञ्चालन गरिनेछ । भाजपाको विधानअनुसार प्रत्येक सदस्यले प्रत्येक नौ वर्षमा सदस्यता नवीकरण गर्नुपर्छ । यस वर्ष सदस्यता अभियानमा प्रधानमन्त्री, पार्टी सभापति र सबै दलका नेताहरूले सदस्यता नवीकरण गर्नुपर्नेछ । नोभेम्बर १ देखि नोभेम्बर १५ सम्म भाजपाले मण्डल (स्थानीय एकाइ) अध्यक्षहरूका लागि चुनाव गर्नेछ । यसपछि नोभेम्बर १६ देखि नोभेम्बर ३० सम्म जिल्ला अध्यक्षको निर्वाचन हुनेछ ।

मण्डल र जिल्ला अध्यक्षको निर्वाचनपछि प्रदेश परिषद् र केन्द्रीय परिषद्का सदस्य चयन हुने भाजपाभित्रको स्रोतले जनाएको छ । यो निर्वाचनपछि मात्र प्रदेश सभापति चयनको प्रक्रिया शुरु हुनेछ ।

प्रदेश सभापतिको निर्वाचन प्रक्रिया डिसेम्बर १ देखि शुरु हुनेछ । पचास प्रतिशत प्रदेशमा निर्वाचन सम्पन्न भएपछि राष्ट्रिय अध्यक्ष चयनको औपचारिक प्रक्रिया शुरु हुनेछ ।

यो व्यवस्थित र चरणबद्ध दृष्टिकोणले भाजपाको सङ्गठनात्मक संरचना बलियो र नेतृत्व सङ्क्रमणका लागि तयार रहेको सुनिश्चित गर्दछ । पार्टीले भावी राजनीतिक चुनौती र अवसरको तयारी गर्ने भएकाले आगामी निर्वाचन महत्त्वपूर्ण छ । नड्डालाई राज्यसभामा सदनको नेता नियुक्त गरिएको छ । नड्डा गुजरातबाट राज्यसभा सांसद निर्वाचित भएका छन् । सन् २०२४ को लोकसभा निर्वाचनपछि उनलाई मोदी क्याबिनेटमा स्वास्थ्य, रसायन र उर्वरक विभागको जिम्मेबारी दिइएको छ । एजेन्सीहरु

## सेवाग्राहीको गुनासो सम्बोधन गर्न तयार छौँः प्रहरी प्रशासन









**महेश कठायत**
**वीरगंज ।**
पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भूसालले भूइँमान्छेको सहभागिता बढाउने गरी चौकीस्तरबाट आवधिकरुपमा नागरिक सुनुवाई कार्यक्रम गर्न पर्सा प्रहरीलाई निर्देशन दिएका छन् । आइतबार जिल्ला प्रहरी कार्यालय पर्साले वीरगंजमा गरेको नागरिक सुनुवाईमा प्रमुख जिल्ला अधिकारी भूसालले नागरिकस्तरबाट प्राप्त सुझाव समेटेर आगामी योजना बनाई अघि बढ्न सुरक्षा निकायलाई निर्देशन दिए ।

प्रमुख जिल्ला अधिकारी भूसालले महिला हिंसा, बालबालिकालाई लागुऔषध प्रयोग गर्न लगाउने र जातीय तथा धार्मिक विभेदका विषयमा प्रहरी प्रशासनले शून्य सहनशीलताको नीति लिएको जिकिर गरे । कार्यक्रम सहभागीले उठाएका जिज्ञासाको जवाफ दिनेक्रममा प्रमुख जिल्ला अधिकारी भूसालले विपद् व्यवस्थापन र नागरिकताको सबाल स्थानीय तहसँग पनि सम्बन्धित रहेको बताए । उमेर पुगेको व्यक्तिलाई नागरिकता दिलाउनु अभिभावकको नागरिक दायित्व भएको उल्लेख गर्दै उनले भने, 'यहाँ कतिसम्म हुन्छ भने, मेरो छोराले बिहे गरेर (बुहारी) आएको मचाहिँ नागरिकता बनाइ दिन्न भन्ने छ, अब त्यसलाई कारबाही गर्ने ? कारबाही गर्ने कानून छ, तर कारबाही गर्ने कानून लागुपर्ने हो त ?' नागरिकता जस्तो संवेदनशील र जीवनमा एकपटक मात्र लिनुपर्ने भएकाले नागरिकता दिलाउँदा प्रशासनले विशेष ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

### एक प्रहरीः ५६६ जनाको सेवा

पर्साका प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) कुमोध ढुंगेलले नागरिकको सेवामा प्रहरी सधैँ प्रतिबद्ध रहेको बताए । नागरिक सुनुवाई कार्यक्रममा एसपी ढुंगेलले सीमित स्रोतसाधनले प्रहरीको काममा कमजोरी देखिएको हुनसक्ने भए पनि त्यसलाई सुधार गरी नागरिकको सेवामा प्रहरी सधैँ प्रतिबद्ध रहने बताए । जिल्ला प्रहरी कार्यालय पर्सा र मातहतको कार्यालयबाट हुने कार्यसम्पादन र सेवा प्रवाहको सम्बन्धमा सेवाग्राहीको धारणा बुझी भावी रणनीति र योजना तय गर्नसके प्रहरी सेवालाई थप चुस्त बनाउन सहयोग पुग्ने उनको भनाइ थियो ।

नागरिक सुनुवाई कार्यक्रममा सहभागीले उठाएका प्रश्न र जिज्ञासाको जवाफ दिने क्रममा एसपी ढुंगेलले पछिल्लो समय लागुऔषधको प्रयोग बढेको र त्यसले समाजमा असर पारेको भन्ने कुरामा सत्यता रहेको स्वीकार गरे । उनले भने, 'यहाँ (वीरगंज) खुला सीमाना छ, पारि (भारत) गएर खाएर आउँछन् ।' उनले अगाडि थपे, 'त्यति मात्र नभएर नजिकका जिल्ला हेटौँडा (मकवानपुर), चितवनबाट समेत लागुऔषध बोकेर आएर खाएको पनि पाएका छौँ, हामीले कानूनी कारबाही गरेका छौँ ।' लागुऔषध नियन्त्रणका लागि नागरिक तथा घरपरिवार आफैँ पनि जिम्मोवार हुनुपर्नेमा उनले जोड दिए ।

वीरगंजका क्यासिनोमा नेपालीले भारतको भोटिङ कार्ड वा आधार कार्ड प्रयोग गर्ने गरेको र नेपाली नागरिकता फेला नपर्ने भएकाले कारबाही गर्न नमिलेको उनले बताए । उनले भने, 'क्यासिनो नेपालीका लागि होइन भन्ने सबैलाई थाहा छ । तर पनि कतिपय नेपाली व्यक्ति भारतको भोटिङ कार्ड वा आधार कार्डको प्रयोग गर्छन्, त्यो विषयमा सिडिओसँग छलफल गरेर त्यहाँ स्क्यानर (कार्ड रिर्डर) राख्न पहल गर्छौं ।' सोक्रममा एसपी ढुंगेलले पर्सामा मोटरसाइकल चोरीका घटना बढेको र कारबाही गर्न नसकिएको स्वीकार गर्दै त्यसको कारण भारतसँगको खुला सीमाना भएको बताए । उनले भने, 'मोटरसाइकल चोरी बढी भएको छ, यो कुरा स्वीकार गर्छौं र कारबाही पनि गर्न सकिएको छैन । कारण हो, खुला सीमाना छ । दुई मिनेटमा बोर्डर क्रस हुन्छ । उता (भारत) गइसकेपछि ल्याउन सकिन्न । पर्साको जनसंख्याका आधारमा एक जना प्रहरीले पाँच सय ६६ जनाको सेवा गर्नु पर्नेछ । त्यसबारे पनि ख्याल गर्दिनु पर्यो ।' मोटरसाइकल चोरीका घटना न्यूनीकरणका लागि मोटरसाइकल धनीलाई जिपिएस जडान गर्न उनले सुझाव दिए । राजस्व संकलन बढाउन तस्करी रोक्नुपर्ने कुरामा प्रहरीले जोड दिँदै आएको भन्दै उनले चोरी तस्करीदेखि लागुऔषध कारोबारका घटनाका विषयमा प्रहरीलाई विश्वास गरेर सूचना दिन आग्रह गरे ।

## 'कुरा नसुन्ने प्रहरीको नियत होइन'

त्यस्तै, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालले मुख्य सीमा नाकाबाट हुने अवैध सामान बरामद अहिलेसम्मकै धेरै भएको बताए । प्रहरीले अनुसन्धानक्रममा गर्ने हरेक प्रकारको चेकजाँचलाई नागरिकले सहजरुपमा लिन आग्रह गर्दै उनले भने, 'भन्सार मेन नाकाबाट ओहोरदोहोर गर्दाखेरी हाम्रा कर्मचारीले चेकजाँच गर्छन्, त्यसलाई सामान्य नागरिक, जसलाई हामी भूइँमान्छे भन्छौँ, त्यसले विरोध गर्दैनौँ । तर अलि प्रतिष्ठा जोडिएको मान्छे सामान्य चेकजाँच गर्दा पनि त्यसबाट उत्तेजित हुने गरेको देखेका छौँ ।
यो नगरिदिनु होला ।' नागरिकलाई दुःख दिने र नागरिकका कुरा नसुन्ने प्रहरीको नियत नभएको भन्दै उनले नागरिकलाई सुरक्षा दिने र अवैध कार्य हुन नदिने प्रहरीको उद्देश्य रहेको बताए ।

कार्यक्रममा नागरिक सुनुवाइको आवश्यकता र औचित्यबारे प्रकाश पार्दै जिल्ला प्रहरी पर्साका प्रहरी नायब उपरीक्षक केशर न्यौपानेले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शिता र जवाफदेहिता बोध गराउने उद्देश्यले नागरिक सुनुवाइ कार्यक्रम गरिएको बताए । नागरिक सुनुवाई कार्यक्रममा नागरिकले दिएका सुझाव, सल्लाह र जिज्ञासालाई सम्बोधन गर्दै उनले समाजमा शान्ति स्थापना गर्ने उद्देश्यसहित प्रहरीले हरेक तीन–तीन महिनामा नागरिक सुनुवाइ कार्यक्रम गरिरहेको जानकारी दिए ।

मधेशदृष्टि दैनिक, रेडियो वीरगंज तथा टिभी वीरगंजका कार्यकारी अध्यक्ष धुव्र साहले वीरगंजका क्यासिनोमा पर्सा र बाराकै नागरिक गएर खेल्ने गरेकाले प्रशासनले त्यसमा विशेष ध्यान दिनुपर्ने सुझाव दिए । नागरिकता बनाउन जिल्ला प्रशासन कार्यालय पर्सामा आउने गाउँगाउँका सर्वसाधारण नागरिकलाई बिचौलियाले दुःख दिने गरेको उल्लेख गर्दै अध्यक्ष साहले नागरिकतामा सहजताका लागि पनि पहल थाल्न प्रमुख जिल्ला अधिकारीसँग आग्रह गरे । कार्यक्रममा ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले मन्दिर, मस्जिद र स्कूल आसपासमै युवा धुम्रपान र मध्यपानमा सरिक रहेकाले त्यस्तो कार्य रोक्न र आउने पुस्तालाई सुधार्न सबै जिम्मेवार हुनुपर्ने सुझाए । जिल्ला प्रहरी कार्यालय पर्साले गरेको नागरिक सुनुवाइ कार्यक्रममा सीमा क्षेत्रमा हुने तस्करी, लागुऔषधको प्रयोग तथा कारोबार, वेश्यावृतिका घटना, महिला सेलसम्बन्धी गुनासा, प्रहरी कार्यालयको सेवाप्रवाह, भन्सार चेकजाँचक्रममा नागरिकले खेप्नुपरेको सास्तीलागयका विषयमा सहभागीले प्रश्न तथा जिज्ञासा राख्नुका साथै सुझावसमेत दिएका थिए ।

## मधेश सरकारको बजेट सर्वसम्मत पारित

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८१–८२ का लागि ल्याएको बजेट प्रदेश सभाबाट सर्वसम्मतले पारित भएको छ । आइतबार बसेको प्रदेशसभा बैठकमा छलफलपश्चात विनियोजन विधेयक २०८१ सर्वसम्मतले पारित भएको हो । छलफलक्रममा उठेका प्रश्नको सम्बन्धित मन्त्रालयका मन्त्रीहरुले जवाफ दिएपछि मुख्यमन्त्री सतिश कुमार सिंहले विनियोजन विधेयक पारित गर्न प्रदेशसभामा प्रस्तुत गर्दा सर्वसम्मतले पारित भएको हो ।

विनियोजन विधेयकको विपक्षमा कुनै सांसदले मत जाहेर नगरेकाले सर्वसम्मतले पारित भएको सभामुख रामचन्द्र मण्डलले घोषणा गरे । असार १ गते तत्कालीन अर्थमन्त्री भरतप्रसाद साहले प्रदेशसभामा आगामी आवको लागि ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेका थिए । प्रस्तुत गरिएको बजेटमा चालुतर्फ १६ अर्ब ७ लाख १ हजार रुपैयाँ अर्थात कुल बजेटको ३६.४५ प्रतिशत रहेको छ भने पुँजीगततर्फ २७ अर्ब ८९ करोड १४ लाख ६९ हजार अर्थात ६३.५५ रहेको छ । बजेट ल्याएको चोथो हप्तामा मात्र बजेटमाथि छलफल शुरु भएको थियो । बजेट ह्याक भएको भन्दै जनता समाजवादी पार्टी नेपाललगायतका दलले विरोध जनाएपछि बैठक अवरुद्ध हुँदै आएको थियो ।

आइतबार सर्वदलिय बैठकपश्चात बसेको बैठकमा सभामुख मण्डलले उच्चस्तरीय छानबिन समिति गठन गर्ने निर्णय भएको जानकारी गराएपछि छलफल पश्चात बजेट पारित भएको हो । मधेश प्रदेशका मुख्यमन्त्री सिंहले ५० लाख रुपैयाँ भन्दा तलका कुनै योजना नराख्ने नीति लिएका कारण दुई तीन वटा योजना एउटैमा समेटने प्रयास गरिएको बताए । उनले यस किसिमको विवाद नआउने बताए । विनियोजन विधेयकअन्र्तगत उनले सम्हालेको मन्त्रालयको प्रश्न उठेपछि जवाफ दिनेक्रममा योजना माग्दा सामाजिक विकासका क्षेत्रमा थोरै माग्ने गरिएको बताउदै बढी भन्दा बढी योजना भौतिकसँग मात्रै माग्ने गरिएको बताउँदै प्रदेश सभामा ठूला कुराहरु गर्ने गरिएको बताए । उनले भने, 'कृषि, वन पर्यटनसँग सम्बन्धित योजना लिएर कुनै पनि प्रदेश सभाका सदस्य नआएको बताउँदै रोष्ट्रममा उभिएर ठूलो भाषण गर्ने गरेको बताए ।

मुख्यमन्त्री सिंहले गाडी दुरुपयोग भइरहेको बताउदै कानूनविपरीत गाडी प्रयोग गर्नेलाई आउने दिनमा कानूनअनुसार कारबाही गरिने बताए । सिंहले भने, '६ वर्षमा बढी दुरुपयोग गर्नेहरु अहिले आएर ठूला कुरा गरिरहेका छन्, आप किये तो चत्कार हम किये तो कैरेक्टर ढिला ।' उनले विगतमा भएको कमजोरी सुधार गर्दै सरकार अगाडि बढ्ने बताए । सिंहले सरकार प्रदेश सभाप्रति प्रतिवद्ध रहेको बताए ।

मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले सीमित समयका बाबजुद पनि आफूहरुले राम्रो बजेट ल्याएको बताए । उनले विगतका सरकारले बनाएको बजेट भन्दा यसपटकको बजेट अग्रगामी रहेको बताउदै थोरै समयमा पनि राम्रो बजेट निर्माण गरिएको बताए ।

विनयोजन विधेयकमाथि उठेको प्रश्नको जवाफ दिँदै यसपटक धेरै नयाँ बजेट आएको बताउदै एक क्षेत्र एक पक्की पुलको निर्माण जस्ता योजना ल्याइएको उनले बताए । यादवले गाडी दुपयोग रोक्नसमेत सरकार प्रतिवद्ध रहेको बताउँदै सरकारी सोधनस्रोतको दुरुपयोग नहोस् भन्नेमा सरकार गम्भीर रहेको बताए ।

त्यसैगरी, शिक्षा तथा संस्कृतिमन्त्री राजकुमार लेखीले शिक्षा, प्रदेश सरकारको प्राथमिकतामा नपरेको बताउँदै सीमित स्रोतका आधारमा अगाडि बढेको बताउँदै शिक्षालाई राम्रो बनाइएको बताए । उनले भने, 'नमूना विद्यालय कार्यक्रम ल्याएका छौँ, यसले विद्यालयको शिक्षा सुधारमा बल पुग्नेछ । त्यसैगरी, गरिब विपन्न विद्यार्थीका लागि सहयोगको वातावरण निर्माण गरिएको छ ।' लेखीले शिक्षा सुधारका लागि सरकार प्रतिवद्ध रहेको बताए । त्यसैगरी, स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन सिंह कोइरीले विगतमा योजनाको दुरुपयोग हुने गरेको र यसलाई रोक्न सरकारले प्रयास गरिरहेको बताए । उनले सानातिना त्रुटि भए पनि बजेट राम्रो आएको बताउँदै मन्त्रालयमा धेरै भ्रदगोल देखिएकाले त्यसलाई सच्याउन आफू त्रियाशील रहेको बताए । खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवालले थोरै बजेट पाएका कारण सबै सन्तुष्ट बनाउने गरी योजना आउन नसक्ने बताउँदै अगामी दिनमा खेलकुद विकासका लागि सरकार प्रतिवद्ध रहेको बताए । उनले खेलकुद र समाज कल्याणको विकासको लागि सरकार प्रतिवद्ध रहेको बताए । वन तथा वातावरण मन्त्री त्रिभुवन साहले बजेट निर्माणमा कुनै पनि किसिमले भेदभाव नगरिएको र योजना एकनास रुपमा विनियोजन गरिएको बताए । उनले वन मन्त्रालयले सबै क्षेत्रलाई समेटेर योजना निर्माण गरिएको बताए ।

# कांग्रेसलाई ९ र एमालेलाई ८ मन्त्रालय

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त भएसँगै कांग्रेस र एमालेबीच मन्त्रालय भागबण्डाको विषयसमेत टुंगिएको छ । आइतबार प्रधानमन्त्रीमा नियुक्त हुनुअघि नै एमाले अध्यक्ष ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबीच भएको छलफलमा मन्त्रालय भागबन्डा टुङ्ग्याइएको हो । दुवै दलका नेताहरुका अनुसार नेपाली कांग्रेसले गृह, परराष्ट्र, ऊर्जा, जलस्रोत तथा सिंचाइ, शहरी विकास, स्वास्थ्य तथा जनसंख्या, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, वन तथा वातावरण र कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय लिने सहमति भएको बुझिएको छ ।

त्यसैगरी, एमालेले अर्थ, रक्षा, भौतिक पूर्वाधार, संघीय मामिला तथा सामान्य प्रशासन, शिक्षा, विज्ञान तथा प्रविधि, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सञ्चार तथा सूचनाप्रविधि र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय लिने जनाइएको छ ।

यी मन्त्रालय भागबन्डामा दुवै दल सहमति भए पनि सरकारमा सहभागी हुने दल थपघट भएमा केही परिवर्तन हुनसक्ने नेताहरुको भनाइ छ । साना दल जसपा, जसपा नेपाल, लोसपा, जनतम सरकारमा जाने तयारीमा छन् । मन्त्रीका बारेमा दुबै दलभित्र आन्तरिक गृहकार्य भइरहेको नेताहरुले बताएका छन् ।

# बाढीपहिरामा परी १०८ जनाको मृत्यु



**मधेशदृष्टि**
**वीरगंज ।**
अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढीपहिराका कारण हालसम्म एक सय आठ जनाको मृत्यु भएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढीपहिरालगायत विपद्मा परी आइतबार दिउँसोसम्म एक सय आठ जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा काठमाडौँ उपत्यकामा दुई जना, कोशी प्रदेशमा १९ जना, मधेश प्रदेशमा पाँच जना, बागमती प्रदेशमा नौ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा चार जना र सुदूरपश्चिम प्रदेशमा आठ जना रहेका छन्

यस्तै उक्त घटनामा परेर एक सय १९ जना घाइते भएका छन् । घाइते हुनेमा काठमाडौँ उपत्यकामा आठ जना, कोशी प्रदेशमा ३१ जना, मधेश प्रदेशमा नौ जना, बागमती प्रदेशमा सात जना, गण्डकी प्रदेशमा २८ जना, लुम्बिनी प्रदेशमा नौ जना, कर्णाली प्रदेशमा १६ जना र सुदूरपश्चिम प्रदेशमा ११ जना रहेका छन् ।

घाइतेलाई उपचारका लागि स्थानीय अस्पताल लगिएको प्रहरीले जनाएको छ । बाढी पहिरोमा परेका ५३ जनाको उद्धार गरिएको र छ जना अझै बेपत्ता भएको प्रहरीले जनाएको छ । बाढीको कारण जम्मा एक सय ८२ घर डुबानमा परेको बताइएको छ । यस्तै, दुई सय तीन वटा घर, ७५ वटा गोठ, ४१ वटा पुल, एक वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । पाँच सय १६ वटा पशुचौपायको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट तीन हजार पाँच सय ५२ घर परिवार विस्थापित भएका छन् ।

### जसपाद्वारा दुःख व्यक्त

जनता समाजवादी पार्टी (जसपा) नेपालले अविरल वर्षासँगै मुलुकका विभिन्न स्थानमा बाढी र पहिराबाट भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गरेको छ । पार्टी अध्यक्ष उपेन्द्र यादवले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै प्राकृतिक विपद्मा परी जीवन गुमाउनेप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन् । उनले घाइतेको उपचारको सम्पूर्ण व्यवस्था तथा पीडित परिवारलाई यथाशीघ्र राहतको व्यवस्था मिलाउन सरकारसमक्ष आग्रह गरेका छन् । साथै अध्यक्ष यादवले बाढी प्रभावित क्षेत्रमा उद्धार तथा राहत कार्यमा जुट्न पार्टीका सदस्य तथा भ्रातृ सङ्गठनलाई आग्रह पनि गरेका छन् ।

# बुढासुब्बासहितका मन्दिरमा भक्तजनको घुइँचो



**सुनसरी ।**
धरानका मन्दिरहरुमा भक्तजनको बाक्लो उपस्थिति देखिएको छ । साउन महिनामा बोलबम सुरु हुने भएकाले यहाँका मन्दिरहरुमा असारभित्रै भाकल पूरा गर्न आउने भक्तजनको भीड लागेको हो । इटहरीकी वर्षा बुढाथोकी साउनमा बलि चढाउन नमिल्ने भएकोले भाकल पूरा गर्न असार पारेर आएको बताइन् । उनले भनिन् 'बूढासुब्बाप्रति अगाध आस्था छ । भर्खरै विवाहबन्धनमा बाँधिएका दम्पतीले यहाँ भाकल गरेर भाकल बुझाएमा मनोकाङ्क्षा पूरा हुने विश्वास छ ।' यस मन्दिर परिसरमा रहेको बाँसमा प्रेमिल जोडीले धागो बाँध्ने चलन रहिआएकाले धागो बाँध्न आएको उनले बताइन् ।

भाकल पूरा गर्न झापाबाट धरान आएकी अञ्जा कार्कीले पनि साउनमा बलि दिन नमिल्ने भएकाले असार अन्तिममा भाकल पूरा गर्न आएको बताइन् । उनले भनिन्, 'म वर्षेपिच्छे बुढासुब्बा मन्दिरमा भाकल पूरा गर्न भाले लिएर आउने गर्छु । मैले भाकल गरेर मागेको कुरा पूरा पनि हुने गरेको छ ।' दश वर्ष अघिसम्म बूढासुब्बा मन्दिरको बाँसमा नाम लेख्दा प्रेम अमर हुन्छ भन्ने विश्वासले बाँसमा नाम लेख्ने चलन थियो । विस्तारै यहाँका बास मर्न थालेपछि मन्दिर व्यवस्थापन समितिले बाँस वरिपरि तारजाली लगाएको छ । त्यसयता बाँसको वरिपरि माला बाँध्ने लहर बढेको हो ।

बुढासुब्बा आउने भक्तजनले कुखुराको भाले, अण्डा र फलफूल लिएर पूजा गर्न आउने गर्छन् । यहाँ पूजा गर्न मुलुकका अधिकांश ठाउँ र भारतको सिक्किम दार्जिलिङलगायतका स्थान बाट आउने गरेका छन् । भाकल गर्नेहरुले बुढासुब्बा मन्दिरमा भाले र नजिकै रहेको गौरिनी मातालाई पोथी वा पोथी नभएमा कुखुराको अण्डा चढाउने परम्परा छ । मन्दिर नजिकै फूलमाला बेच्दै आएका मोहम्मद जमिन अन्यबेला भन्दा असार अन्तिममा भक्तजनको भीड धेरै भएको बताउँछन् । उनले साउन महिनाभरि काटमार गर्न नहुने भएकाले असार अन्तिममा वर्षेनी भिडभाड हुने गरेको बताए ।

असारको अन्तिम शनिबार र आइतबार सबैभन्दा धेरै भक्तजन आएको बुढासुब्बा मन्दिरका पुजारी डम्बर आलेमगरले बताए । शनिबार पाँच हजारभन्दा बढी भक्तजन आएका थिए । साउनभर धरान उपमहानगरपालिका–१४ विजयपुरस्थित पिण्डेश्वर मन्दिरमा बोलबम मेला लाग्ने भएकाले धरानका सबै मठमन्दिरमा साउन महिनाभरि बलि दिन नपाइने चलन छ । साउन महिनाभरि बोलबम मेला लाग्ने भएकाले भाकल पुरा गर्न र बलि चढाउन साउन अगाडि बुढासुब्बा, पिण्डेश्वर, दन्तकालीलगायतका मन्दिरमा भक्तजन आउने गरेका छन् । रासस

# तारखोलामा असारेको रमझम



**गण्डकी ।**
मगर बाहुल्य भएको बागलुङको ताराखोला संस्कृतिले धनी छ । बर्सेनि असारको तेस्रो मङ्गलबारदेखि यहाँ 'असारे' मेलाको छुट्टै रौनक चल्छ । 'असारे' त्यहाँ बसोबास गर्ने तरामीमगरको पुस्तैनी मेला हो । रैथाने मेला असारेलाई खुसी साट्ने, मीठो–मसिनो खाने, प्रकृति र देवीदेवता पूज्ने पर्वका रुपमा लिइन्छ ।

मेला आयोजक असारे युवा क्लबका अध्यक्ष ओमबहादुर रोकाले असारे मेलाका अवसरमा विविध सांस्कृतिक कार्यक्रम र खेल प्रतियोगिता राखिएको जानकारी दिए । मौलिक गीतनाच र झाँकी मेलाका विशेष आकर्षण हुन् । मेलामा पुरुष तथा महिला भलिबल, प्रौढ पुरुष भलिबल, धनुषवाण, स्लो बाइक रेस, भाले छुने, रस्साकस्सी, छेलो, सामूहिक नृत्यलगायतका प्रतियोगिता सञ्चालन भइरहेको क्लबले जनाएको छ ।

नयाँ पुस्ताले 'असारे मेला'का रुपमा संस्कृतिको जगेर्ना गरेपनि जनबोलीमा भने 'असारे' भनेर प्रचलित रहेको अध्यक्ष रोकाले बताउनुभयो । बर्खाको खेतीपाती भ्याएर विश्राम लिन असारे बस्ने गरिएको मगर समुदायका बूढापाका बताउँछन् । आराम र मनोरञ्जनका लागि 'असारे मेला' सुरु भएको विश्वास गरिन्छ । संस्कृतिकर्मी झकबहादुर घर्तीका अनुसार डोल्पाको ताराभोटबाट आएका पूर्वजले असारेको चलन बसालेका थिए ।

असारको उजेली पक्ष पारेर असार मनाउने परम्परा रहेको उनको भनाइ छ । मेलाका अवसरमा पूजाआजासहित बली पनि चढाउने गरिन्छ । अघिल्लो दिन गहुँ, चामलको रोटी खाने र भोलिपल्ट मङ्गलबार (असारेको पहिलो दिन) बूढापाकाले लठ्ठो बाट्ने, युवाले पिङ राख्ने चलन छ । असारेलाई साँचेर कुल घरमा राखिएको जमरालाई त्यही पिङ्गा चढाउने र बाचा बाँध्ने गरिएको संस्कृतिकर्मी घर्तीले बताए । यसपालिको असारे मेला सोमबारसम्म चल्ने क्लबका अध्यक्ष रोकाले बताए ।

भलिबलको फाइनल स्पर्धासहित समापन समारोह आयोजना गरी यस वर्षको असारेलाई बिदाइ गरिने उनले सुनाए । गाउँलेले उक्त मेलालाई 'असारे बस्ने' भनेर पनि चिन्छन् । असारे बसेका बेला खेतीपातीको काम गर्न नहुने मान्यता छ । वर्षात्मा बाढीपहिराजस्ता प्रकोप नहोस्, रोगव्यादी नलागोस्, अन्नबाली सप्रियोस् भन्ने कामना गर्दै प्रकृति पूज्ने चलन रहेको संस्कृतिकर्मी घर्तीले बताए । मुखियाको घर (हेम्थो घर)को बारीमा रहेको थानमा राँगाको बली दिने गरिएको उहाँको भनाइ ।

'पहिलेपहिले यहाँ आउँदा बालबालिका हराउने गरेको र पछि ढुङ्गामा बली चढाएर पूजा गर्न थालेपछि हराउन छाडेको भन्ने धार्मिक विश्वास छ' उनले भने । विसं १७६६÷०६७ तिर डोल्पाबाट बसाइँ सरेर आएका तरामीमगरले थातथलो बसाएको ताराखोला गाउँपालिका–४ र ५ मा असारे विशेष रुपमा मनाइन्छ । बली र पूजापाठ वडा नं ४ को तारागाउँमा हुने गरेपनि मेला भने ५ को करिमेलामा चल्छ । असारेलाई ताराखोलावासीले आफ्नो मौलिक संस्कृति मान्छन् । बर्खे झरीकोसमेत पर्वाह नगरी मानिसहरु हर्षोल्लासपूर्वक असारेमा रमाउँछन् । तारागाउँमा रहेको थानमा पूजाआजापछि करिमेलामा साँस्कृतिक कार्यक्रम तथा खेलकुदको आयोजना हुने क्लबले जनाएको छ ।

तीन सय वर्षअघिदेखि असारेको थिती बसेको स्थानीयवासीको विश्वास छ । असारे ताराखोलाको ऐतिहासिक र साँस्कृतिक महत्वको मेला भएको ताराखोला गाउँपालिकाका पूर्वअध्यक्ष प्रकाश घर्तीले बताए । मेलामा युवायुवती पिङ खेल्ने, मिठा परिकार खाने, असारे गीत तथा नाचमा रमाउने गर्छन् । खेतीपातीपछि आराम गर्ने, आफन्त र मित्रजनसँग भेटघाट हुने अवसरका रुपमासमेत असारे मेलालाई लिइन्छ । पछिल्लो समय मेलाको स्वरुप केही फेरिँदै गएको छ । धार्मिक आस्था, मान्यता र परम्परासँगै मेलालाई नयाँपन दिन थालिएको हो । मेला धार्मिक, सांस्कृतिक मान्यतासँग पनि जोडिएको छ । मेला भर्न हिल, अर्गल, हटिया, हरिचौर, तमान, खुङ्गा म्याग्दीको रुम, निस्कोट, किमचौर लगायतका ठाउँबाट सर्वसाधारण आउँछन् । ताराखोला गाउँपालिका–२ अर्गल, वडा नं. ३ हिल, वडा नं. १ अमरभूमिलगायतका गाउँमा पनि बर्खे मेला आयोजना गर्ने गरिएको छ । हिलमा साउने सङ्क्रान्तिमा मेला लाग्छ । पाल्पाको अर्गली र डोल्पाको ताराभोटबाट बसाइँसराइ गरी आएका मगरका पूर्वजले ताराखोलाका विभिन्न गाउँमा गाउँमा मेलापर्वको चलन बसालेका हुन् । भदौरे सिस्नो खोस्ने पर्व, कात्तिकको भुस पोल्ने पर्व, माघे सङ्क्रान्ति, श्रीपञ्चमीलगायत पर्वलाई ताराखोलाका मगर समुदायले विशेष रुपमा मान्दै आएको छन् । रासस

# न्यूरोडको फुटपाथ निर्माणको बाटो खुल्यो



**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले नयाँ सडकमा सुरु गरेको फुटपाथ (सडक पेटी) विस्तारको कामले निरन्तर गर्न पाउने भएको छ । महानगरपालिकाले पैदलमार्ग सुधारका लागि थालेको काम डिभिजन सडक कार्यालय, काठमाडौँको हस्तक्षेपका कारण रोकिएको थियो । यसरी रोकिएको काम उच्च अदालत पाटनका न्यायाधीशद्वय ध्रुवराज नन्द र प्रकाश खरेलको संयुक्त इजलासबाट आइतबार महानगरपालिकाले माग गरेबमोजिमको अन्तरिम आदेश दिएपछि काम फेरि सुरु हुने भएको हो ।

नयाँ सडक क्षेत्रलाई पैदलमैत्री बनाउन महानगरपालिकाले बोलपत्रमार्फत निर्माण पक्ष छनोट गरेर गत जेठ ११ गतेदेखि काम थालेको थियो । उक्त काममा जेठ १२ गते डिभिजन सडक कार्यालय, काठमाडौँले हस्तक्षेप गरेको थियो । त्यसपछि डिभिजन सडक कार्यालयले काम रोक्नका लागि जेठ १३ र १६ गते गरी दुई वटा पत्र पठाएको थियो । डिभिजन कार्यालयले पठाएको पत्र अनुचित भनेर जेठ २७ गते महानगरपालिकाले उच्च अदालत पाटनमा रिट दायर गरेको थियो । रिट निवेदनमा महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको वडा नं. २२, २३ र २४ अन्तर्गत पर्ने न्युरोड बजार क्षेत्रमा आर्थिक वर्ष २०८०÷८१ को बजेटबाट फुटपाथ (सडक पेटी) विस्तार गर्ने योजना अनुरुपको कार्य सञ्चालन गर्नका लागि अन्तरिम आदेश माग गरेको थियो । रासस

# बालबालिकालाई खोपबाट वञ्चित हुन नदिने प्रतिबद्धता

**मोरङ ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशका बालबालिकालाई खोपबाट वञ्चित हुन नदिने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रदेश स्वास्थ्य मन्त्रालयद्वारा आइतबार यहाँ आयोजित प्रदेश पूर्ण खोप सुनिश्चिता घोषणा गर्दै उनले बालबालिकाले १६ महिनामा सबै १३ वटा खोप लगाउने अधिकार कुण्ठित हुन नदिन मन्त्रालय, स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकालाई आग्रह एवं निर्देशन दिए ।



मुख्यमन्त्री कार्कीले प्रदेशलाई पूर्ण खोप सुनिश्चिता तथा दिगोपना घोषणा गर्न पाएकामा खुसी व्यक्त गर्दै यसबाट राष्ट्रिय तथ्याङ्क एवं मानचित्रमा प्रदेशको नाम राख्न पाएकामा सबैलाई बधाई एवं शुभकामना दिए । उनले सरकारले आगामी साउनदेखि नागरिकका घरदैलोमा स्वास्थ्य जाँच गर्न विशिष्ट स्वास्थ्यकर्मीको साथमा मोबाइल भ्यानबाट सेवा प्रारम्भ गर्ने प्रतिबद्धता व्यक्त गरे । 'यहाँहरू सबैको सहयोगमा प्रदेशलाई प्रदेशलाई पूर्ण खोपयुक्त घोषणा गर्न सकिएको छ । अब बाल विवाह, छुवाछूत, बाल मृत्यु, सुत्केरी मृत्युदर न्यूनीकरण गर्न सबैले आफ्नो क्षेत्रबाट जिम्मेवारीपूर्वक लाग्नुपर्नेमा आवश्यकता छ' उनको भनाइ थियो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले महामारी आउन नदिनका लागि बालबालिकालाई तोकिएको समयमा सबै खोप दिनुपर्नेमा जोड दिए । उनले प्रदेश स्वास्थ्य मन्त्रालयकी सचिव राधिका थपलिया र स्वास्थ्य निर्देशनालयका प्रमुख ज्ञानबहादुर बस्नेतलाई प्रदेशका १४ जिल्लाका एक सय ३७ पालिका खोप सुनिश्चिता भएको प्रमाणपत्र हस्तान्तरण गरेका थिए । रासस

# कृषकलाई मलकै पिरलो

**हिमाल लम्साल**
**वीरगंज ।**
पर्सा पर्टेवा सुगौली गाउँपालिका–५ निचुटाका कृषक शिवबालक ठाकुरलाई दुई दशकअघिसम्म चार हलगोरु र आधा दर्जनभन्दा धेरै भैँसी पाल्थे । विगतमा गोठभरि नै चौपाया हुने भएकाले रासायनिक मलको खासै समस्या हुँदैनथ्यो । आफ्नै गोठबाट निस्कने प्राङ्गारिक मलकै प्रयोग गरेर खेती किसानी गर्दै आएका उनलाई अहिले एक बिघा खेतमा धान रोपाइँ गर्न पनि महाभारत जस्तै लाग्न थालेको छ ।
'पहिला धान रोपाइँ गर्दा त रासायनिक मलखादको प्रयोग नै हुँदैन्थ्यो । आफ्नै गोठको मलखाद हालेर खेती गरिन्थ्यो', विगतलाई स्मरण गर्दै उनले भने, 'संयुक्त परिवार विस्तारै एकल हुँदै गयो । गोठभरिका चौपाया पनि रित्तिँदै गए । अहिले त रासायनिक मलको प्रयोग नगरी सुखै छैन ।'
सदियौँदेखि कृषि कर्म गर्दै आएका ठाकुरलाई अहिले रासायनिक मलको अभावको चिन्ताले सताउने गरेको छ । 'एक बिघा खेतमा चाहिनेजति मल पनि पाउन सकिरहेको छैन' उनले भने, 'दुई बोरा डिएपी र तीन बोरा युरिया मल चाहिएको छ तर धान रोप्दासम्म एक–एक बोरा मात्रै पाएको छु । मलकै कारणले उब्जिने कम हुने हो कि भन्ने चिन्ता लागेको छ ।'
उनी मात्रै होइन, पर्साका स्थानीय तहका जनप्रतिनिधिका परिवारले पनि पर्याप्त रासायनिक मल पाउन सकिरहेका छैनन् । पर्टेवा सुगौली गाउँपालिकाका उपाध्यक्ष ममता महतोको परिवारले पनि आठ बिघा खेतमा धानखेती गर्दै आइरहे पनि मलको अभाव खेप्दै आइरहेको बताए । 'म आफैँ पालिकाको मल वितरण समितिको संयोजक पनि छु । मैले नै मलको अभाव खेपिरहेको छु' उनले भने, 'म आफैँ जनप्रतिनिधि हुँ भनेर भनेजति पनि मल लिने कुरै हुँदैन । सबैलाई बाँडफाँट गर्दा कति हुन्छ । सोहीअनुसार पाउने हो ।'
पोखरिया नगरपालिका–५ का मुन्ना चौधरी पनि नगरपालिका र कृषि सहकारी संस्थामा धाउँदाधाउँदै दुःख पाइरहेको गुनासो गर्छन् । उनले धानखेती गर्नका लागि आवश्यकताअनुसारको मल अझै नपाइरहेको गुनासो गरे । 'हामीजस्ता सोझासिधा कृषकलाई सधैँ मलकै




पिरलोले सताउने भयो', उनले भने, 'गाउँका टाठाबाठाले त सोर्सफोर्स लगाएरै भए पनि मलको जोहो गर्छन् । हामी त कसरी गर्ने ?' कृषि ज्ञान केन्द्र पर्साका अनुसार आव २०७८÷७९ मा पर्सा जिल्लामा १६ हजार नौ सय ६७ मेट्रिक टन रासायनिक मलको प्रयोग भएको थियो । केन्द्रका अनुसार सो वर्ष युरिया मल १० हजार ९० मेट्रिक टन, डिएपी छ हजार ९६ मेट्रिक टन, पोटास दुई सय ७५ मेट्रिक टन प्रयोग गरिएको थियो । तर, पछिल्ला दुई वर्षमा मलको कति प्रयोग गरिन्छ भन्ने यकिन तथ्याङ्क भने आइसकेको छैन ।
केन्द्रका प्रमुख कमलदेवप्रसाद कुशवाहाले कृषियोग्य जमिनको उर्वराशक्ति घटेसँगै रासायनिक मलखाद धेरै प्रयोग हुन थालेको बताए । 'सरकारी मापदण्डअनुसार प्रतिकठ्ठा तीन किलोग्राम मल प्रयोग गर्नुपर्ने हुन्छ तर धेरै खेती उब्जाउने नाममा कृषकले प्रतिकठ्ठा छ÷आठ किलोग्राम रासायनिक मल प्रयोग गर्दछन्' उनले भने 'कृषकले अत्यधिक मात्रामा मल प्रयोग गर्ने भएकाले पनि अभाव हुने गरेको हो ।'

**पर्सामा मलको उपलब्धता**
कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले सरकारले तोकेको कोटाअनुसारको मल स्थानीय पालिकाको सिफारिसमा सम्बन्धित पालिकाका सहकारी संस्था तथा डिलरलाई उपलब्ध गराउने गर्छन् । रासायनिक मल खेतीयोग्य जमिनको क्षेत्रफल, विगत आवको मलको खपतको अभिलेख र बाली सघनताको आधारमा स्थानीय तहको कोटाअनुसार रासायनिक मलको बाँडफाँट गर्ने गरिन्छ । जिल्लाका १४ पालिकामा एक सय नौ डिलरमार्फत रासायनिक मल उपलब्ध गराउने गर्दछन् । कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जले चालु आव २०८०÷८१ को असार ११ गतेसम्मको अवधिमा पर्सा जिल्लामा युरिया, डिएपी र पोटास गरी कुल ९ हजार एक सय ४८ दशमलव ०५ मेट्रिक टन मल बिक्री गरेको जनाएको छ । यसमा युरिया मल पाँच हजार पाँच सय ७६ दशमलव २५ मेट्रिक टन, डिएपी मल तीन हजार दुई सय ५९ दशमलव ६० मेट्रिक बिक्री गरिसकेको छ । त्यस्तै पोटास मल भने तीन सय १२ दशमलव २० मेट्रिक टन बिक्री गरिसकेको छ ।
सो कार्यालयले गत आवमा भने पर्सा जिल्लाभरिमा युरिया, डिएपी र पोटास गरी कुल आठ हजार एक सय १७ मेट्रिक टन मल बिक्री गरेको थियो । कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जका कायममुकायम प्रमुख दुर्गाप्रसाद पाण्डेय कृषकले पछिल्ला वर्षमा अत्यधिक मात्रामा रासायनिक मल प्रयोग गर्ने भएकाले सीमित कोटाको मलले पु¥याउन कठिन हुने बताउँछन् ।
साल्टट्रेडिङ कर्पोरेसन लिमिटेड प्रादेशिक कार्यालयका प्रमुख आमोज लामिछानेले पर्सामा धान रोपाईको लागि मलको अभाव नहुने दाबी गरे । 'अघिल्ला वर्षमा जस्तो यस वर्ष मलको हाहाकार हुने देखिन्न' उनले भने, 'गत वर्षभन्दा यो वर्ष मल वितरणको मात्रा धेरै भएको छ ।' साल्टटे«डिङले चालु आवको असार २४ गतेसम्म पर्सामा तीनै थरिका मल चार हजार सात सय ९ दशमलव ०५ मेट्रिकटन बिक्री गरेको छ । यसमा युरिया मलको हिस्सा दुई हजार चार सय २३ दशमलव ७५ मेट्रिकटन, डिएपी मल दुई हजार एक सय ८९ दशमलव ६० मेट्रिकटन र पोटासको हिस्सा भने ९५ दशमलव ७० मेट्रिकटन रहेको छ । सो कार्यालयले गत आव २०७९÷८० मा तीनै थरिका चार हजार चार सय ७९ मेट्रिकटन बिक्री गरेको थियो ।
नेपाल किसान महाङ्घ पर्साका पूर्वअध्यक्ष असर्फी साह पर्सा जिल्लामा धान रोपाइँका लागि मात्रै नभएर उखुखेतीको लागि पनि मलको हाहाकार रहेको दाबी गर्छन् । 'सरकारी अनुदानको मलले कृषकको मागलाई थेग्नै सक्दैन' उनले भने, 'भारतीय सीमावर्ती बजारबाट रासायनिक मल ल्याएर प्रयोग नगरी सुखै छैन ।' पर्टेवा सुगौली गाउँपालिकाका उपाध्यक्ष महतोले पालिकाले कृषक कार्ड जस्तै आगामी वर्षदेखि मलखाद कार्ड बनाएर व्यवस्थित गर्ने बताए । अहिले पालिकामा कुन कृषकको लागि कति मलखाद चाहिन्छ भन्ने यकिन तथ्याङ्क छैन । उनका अनुसार पालिकामा साढे दुई करोड लागतमा आधुनिक कृषि ल्याबसहितको भवन निर्माण हुँदैछ । यो तयार भएसँगै माटो परीक्षण गरेर कति मल प्रयोग गर्ने भन्ने वैज्ञानिक आधार पत्ता लगाउन सकिनेछ । रासस

# बेपत्ताका परिवारमा अझै घर फर्किने झिनो आशा



**रौतहट ।**
रौतहटको बौधिमाई नगरपालिका–३ मटिअर्वा गाउँका परशुराम साह, मीना देवी, रिन्कु देवी र नीरज साह बेपत्ता छन् । बस त्रिशूलीमा खसेको तीन दिन बित्न लागेको छ । आफन्तलाई न त लासको खबर छ र न त सासकै । अझै पनि कुनै सकारात्मक खबर आइहाल्छ कि भन्ने उनीहरुमा परिवारमा लागिरहन्छ ।
बौधिमाई–२ इनर्वाका राज पटेलको घरमा पनि बेहाल छ । कोही नयाँ मानिस घरमा आउँदा होस् वा मोबाइलमा घन्टी बज्दा छोरा भेटिएको खबर आयो कि भन्ने परिवारलाई लागिरहन्छ । घरमा फर्किने आशा अझै पनि पटेल परिवारमा रहेको छ । अजगैबी गाउँका हरिचन्द्र यादव र बाल राउत कुर्मीको घरमा चुलो नबलेको तीन दिन भयो तर आशाको दियो भने निभेको छैन । कहीँ कतैबाट कुनै राम्रो खबर आइहाल्छ कि भन्ने आशा बाँकी छ ।
बौधिमाई–४ इनरवारी गाउँका प्रिन्स जयसवाल र अकलु राउत कुर्मी पनि बेपत्ता छन् । घरमा अझै पनि आशा छ कि फर्केर आउलान् वा कुनै खबर आउला भन्नेर । रौतहटका २४ जना दुर्घटनामा बेपत्ता भएका छन् । गणपति डिलक्सको काउन्टरबाट प्राप्त भएको चलानका आधारमा नै बेपत्ता भएका परिवारका आफन्तसित प्रहरीले सम्पर्क गरिरहेको रौतहटका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले बताए ।
बेपत्ता भएका नागरिकको बारेमा यकिन विवरण आई नसकेकाले अहिले घरपरिवारसित सम्पर्कको काम भइरहेको प्रजिअ रेग्मीको भनाइ छ । शुक्रबार बिहान साढे ३ बजेतिर काठमाडौँबाट रौतहटतिर आइरहेको गणपति डिलक्समा २७ यात्रु रहेका थिए । त्रिशूली नदीमा खसेको बसका यात्रुहरुमध्ये तीनले ज्यान जोगाएका थिएभने २४ जना अहिलेसम्म बेपत्ता छन् । रासस

# भानु जन्मजयन्तीमा १३ छात्रछात्रा पुरस्कृत



**महोत्तरी ।**
आदिकवि भानुभक्त आचार्यको दुई सय ११औँ जन्मजयन्तीका अवसरमा १३ जना छात्रछात्रा पुरस्कृत भएका छन् । महोत्तरीको बर्दिबासमा बर्दिबास हेल्प फाउण्डेशनले बर्दिबास नगरपालिकाको सहयोगमा शनिबार आयोजना गरेको तेस्रो नगरस्तरीय अन्तर मावि कविता प्रतियोगितामा उनीहरू पुरस्कृत भएका हुन् । आदिकवि भानुभक्तको जीवनी, उत्प्रेरणा र रचना क्षेत्रमा उनको योगदानका विषयवस्तु समेटिएका कविता लेखन तथा वाचन प्रतियोगितामा प्रमिला श्रेष्ठ, प्रतिज्ञा बराल र अमिशा माझीले क्रमशः पहिलो, दोस्रो र तेस्रो पुरस्कार प्राप्त गरेका छन् । पहिलो, दोस्रो र तेस्रो हुनेलाई क्रमशः १५, १० र सात हजार रुपैयाँ नगद र कदरपत्र प्रदान गरिएको छ । यसैगरी १० जनालाई जनही एक–एक हजार रुपैयाँ नगद र कदरपत्र प्रदान गरिएको छ । साहित्य साधकहरु प्रल्लास सिन्धुलीय, माधव काफ्ले र मुकुन्द पौडेल सम्मिलित निर्णायक मण्डलले उत्कृष्ट रचना छनोट गरेको हो । त्यस अवसरमा राष्ट्रिय विभूतिहरूको सम्झनामा यस्ता कार्यक्रम आयोजना गर्ने सामाजिक सङ्घसंस्थालाई निरन्तर सहयोग गरिने बर्दिबास नगरप्रमुख प्रहलादकुमार क्षत्रीले बताए । रासस

# महोत्तरीमा तीन महिने होटल व्यवस्थापन तालिम

**महोत्तरी ।**
महोत्तरीका एक सय ३१ जनालाई होटल व्यवस्थापन विषयका विभिन्न विधामा तीन महिने सीप मूलक तालिम प्रदान गरिएको छ । मधेश प्रदेश, श्रम तथा रोजगार मन्त्रालयको सहयोगमा नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम)को बर्दिबास शाखाले होटल व्यवस्थापनसम्बन्धी तालिम लिएका उनीलाई आइतबार बर्दिबासमा आयोजित एक कार्यक्रमबीच प्रमाणपत्र प्रदान गरिएको छ ।
नाथमका कार्यकारी निर्देशक सङ्गीता ओझा, मधेश प्रदेश श्रम तथा रोजगार मन्त्रालयका अधिकारी र बर्दिबास नगरपालिका प्रमुख प्रहलादकुमार क्षेत्रीलगायतले प्रमाणपत्र प्रदान गरे । तीन महिने तालिममा खाना पकाउने आधारभूत सीप, फुड एण्ड वेभरेज सर्भिस, बारिष्टा (कफी मेकिङ्ग) बेकरी (ब्रेड केक मेकिङ्ग), हाउस किपिङ्ग र टुरिष्ट गाइडसहित छ विधामा एक सय ३१ जनाले सीपमूलक तालिम प्राप्त गरेका हुन् । तालिम लिनेमा ४२ जना महिला छन् ।
नाथम बर्दिबास शाखा प्रमुख शिवेन्द्र मल्लिकले प्रदेश तथा स्थानीय तहसँगको सहकार्यमा बर्सेनी आवश्यक तालिम प्रदान गर्ने गरिएको बताए । सोही संस्थाका सीपमूलक तालिम संयोजक सतिश मिश्रले तालिमप्राप्त जनशक्तिले आआफ्ना विधामा जुनसुकै मुलुकमा सेवा दिनसक्ने बताए । बर्दिबास नगरप्रमुख क्षत्रीले नाथम बर्दिबास शाखासँगको सहकार्यमा प्राविधिक शिक्षा र उद्यमशीलता प्रवर्द्धनका लागि काम भइरहेको बताए । नाथमका प्राचार्य रामकैलाश बिच्छाले तालिम प्राप्त दक्ष जनशक्तिले स्वदेश वा विदेश राम्रो आयआर्जन र स्वरोजगार बन्नसक्ने धारणा राखे । विसं २०७७ मा स्थापना भएको नाथम बर्दिबास शाखाले र २०७९ सालदेखि स्नातक विषयको पठनपाठनका साथै अभ्यास गराउँदै आएको शाखा प्रमुख मल्लिकले जानकारी दिए । रासस

# गहुँ बोकेको ट्रकमा लुकाएर जुत्ताचप्पल तस्करी



**मधेशदृष्टि**
**सप्तरी ।**
दुई हजार एक सय किलो गहुँ लोड गरिएको ट्रकबाट १५ बोरा जुत्ताचप्पल बरामद गरिएको छ । गहुँ बोकेको ट्रकमा लुकाएर तस्करी गर्न लागिएको १५ बोरा जुत्ता चप्पलसहितको ट्रक सशस्त्र प्रहरीले सप्तरीबाट नियन्त्रणमा लिएको छ । सर्लाहीको इश्वरपुरस्थित मनकामना ट्रेडर्सको नाममा २ हजार १ सय किलो गहुँको नक्कली भिसीटियस विल बनाएर सिरहाको नवराजपुर गाउँपालिका–४ झासपट्टिबाट लोड गरिएको गहुँ र १५ बोरा भारतीय जुत्ता चप्पलसहित ना ६ ख ६६६५ नम्बरको ट्रकलाई आइतबार विहान ३ बजे सप्तरीको कडरवानास्थित पूर्व–पश्चिम लोकमार्गबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।
सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश कडरवानाले विशेष सूचनाको आधारमा नियन्त्रणमा लिईएको सामान मध्ये सिरहा बाट लोड गरिएको गहुँको सर्लाहीबाट भिसीटियस विल बनाईएको तर जुत्ताचप्पलको कुनै प्रकारको विल समेत फेला नपरेको प्रहरीको भनाइ छ । प्रहरीका अनुसार नियन्त्रणमा लिइएको ट्रक, सामान र ट्रकका चालकसहितलाई आवश्यक कारवाहीको लागि ५० लाख ६७ हजार ९ सय ९० रुपैयाँ कायम गरी राजश्व अनुसन्धान कार्यालय बुझाइएको छ ।


मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

# सशस्त्र प्रहरीद्वारा आठ लाख बढीको सामान बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी पर्साले भन्सार छलीको आठ लाख रुपैयाँ बढीको सामान बरामद गरेको छ ।
आइतबार सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हे.क्वा.पर्साबाट खटिएको टोलीले वीरगंज महानगरपालिका वडा नम्बर १४ गण्डक चोकबाट उक्त सामान बरामद गरिएको जनाएको छ ।
भारतबाट अबैध रुपमा भन्सार छली वभिन्न सार्बजनिक सवारी साधनमा लोड गरी जितपुरतर्फ लैजादै गरेको तीन लाख २९ हजार रुपैयाँ बराबरको किराना र हार्डवयरका सामान प्रहरीले नियन्त्रणमा लिएको हो ।
त्यस्तै, आइतबार नै अलौबाट खटिएको टोलीले वीरगंज महानगरपालिका वडा नम्बर १७ अलौ चौकबाट एक लाख ४१ हजार रुपैयाँ बराबरको कपडा र किराना सामान बरामद गरेको जनाएको छ । त्यस्तै, गरी प्रहरीले वीरगंजकै बाँसइ्याङ्ग ईलाकाबाट दुई लखा ४७ हजार रुपैयाँ बराबरको लेडिज कपडा, किराना सामानहरु र ८० हजार रुपैयाँ बराबरको १ वटा पशुचौपाया (भैसी) नियन्त्रणमा लिई आवश्यक कारवाहिको लागि वीरगंज भन्सार कार्यालय पर्सामा बुझाएको प्रहरीले जनाएको छ । सशस्त्र प्रहरीका अनुसार वीरगंजकै ड्राईपोर्टबाट खटिगएको गस्ति टोलीले पनि बहुअरी चोकबाट २३ हजार रुपैयाँ बराबरको किराना सामान बरामद गरि वीरगंज भन्सार कार्यालय पर्सामा बुझाएको छ ।

*तिमीले जीवनमा गर्नसक्ने सबभन्दा ठूलो गल्ती हो, गल्ती होला कि भनी डराएर कुनै प्रयास नगर्नु । –अल्बर्ट हुबार्ड*

# सम्पादकीय

## नयाँ प्रधानमन्त्री पुरानै राजनीतिक संस्कार

*अन्ततः कतै नभएको अभ्यास नेपालमा देखिएको छ । संसदको पहिलो र दोस्रो शक्ति मिलेर सरकार बनाउने काम भएको छ । त्यो पनि आफ्नो पालो आउनै लाग्दा सत्ता साझेदार पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएर । नेकपा एमाले र नेकपा माओवादी अर्थात् संसदको दोस्रो र तेस्रो शक्ति मिलेर चौथो र पाँचौँ शक्तिलाई लिएर सरकार बनाइँदा पहिलो र ठूलो दल प्रमुख प्रतिपक्षीको कुर्सीमा थियो । यही समीकरण प्रदेशसम्म अभ्यास हुँदा सरकारमा पहिलो शक्ति सत्ता बाहिर थियो । सात वटा प्रदेश सरकार निर्माण हुँदा पहिलो दल प्रमुख प्रतिपक्षीको बर्को ओढेर बस्न बाध्य थियो । यो सरकार १८ महिना चल्यो । यो अभ्यासमा सबैभन्दा बढी साना दलहरुलाई फाइदा हुने नै भयो । तर नेकपा एमालेले माओवादीमार्फत आफ्ना सबै रहरहरु पूरा गरिरहेको थियो । यसमा अब आउने पालो पनि नेकपा एमालेकै थियो । यसैले दोस्रो दल भएर पनि पहिलो दललाई बाहिर राखेर एमालेले आफ्ना सबै रहर केन्द्र र प्रदेश सरकारमा पूरा गरिरहेको थियो । तेस्रो दललाई सरकारको जामा भिराइदिएर आफ्नो रहर पूरा गर्न चौथो र पाँचौँ दल पनि प्रयोग भएको थियो । यति मात्र होइन, कुनै पनि बेला खतराको घण्टी बज्न सक्छ भनेर पाँचौँ दल विभाजन गरेर कमजोर पार्दै दोस्रो दलको रहर पूरा गर्न तेस्रो दल तयार हुँदा चौथो दल तयार भएको थियो र पाँचौँ दल फुटेको थियो ।*

*तर यति अनुकुलको सरकार हुँदाहुँदै पनि दोस्रो ठूलो दलले सरकारसँगको सम्बन्ध तोडेर पहिलो शक्तिको समर्थनमा आफूलाई सत्ताको बागडोरको भोगाधिकारमा पुर्याउँदा यसले तरंगित गरेको राजनीति फरक देखिएको छ । संसदका पहिलो र दोस्रो दल मिल्दा अरु सबै दलहरु कमजोर बनेका छन् । यो राजनीतिक परिदृश्यले दिने सन्देश पनि के हो भन्ने प्रष्ट भएको छैन । जे होस्, सत्ताको राजनीति कुनै पनि बेला फेरबदल हुनसक्छ भनेर दलहरुले सन्देश दिएका छन् ।*

*नेकपा एमालेले आफ्ना अनुकुलका केन्द्र सरकार प्रदेश सरकार हुँदाहुँदै पनि सारथिलाई धोका दिएर फेरि पनि सत्ताको बागडोर आफैँ सम्हाल्न तयार भएको परिदृश्यमा किन पहिलो दल तयार भयो ? अरु रहस्यमय सन्देश प्रवाह भएको छ । यसभित्र धेरैले आफ्ना नेता कायकर्ता भ्रष्टाचारको मुद्दामा चुर्लुम्म हुने भएकाले सरकारको काँध फेरेको भनेर टिका टिप्पणी भइरहेको छ । यसको खण्डन गर्न पहिलो र दोस्रो दलले सकेका भने छैनन् ।*

*जे होस् सरकार फेरिएको छ । यो गठबन्धनको म्याद कहिले सकिन्छ ? केही टुंगो छैन । तर सरकार बनेकै दिनदेखि सरकारको म्याद अस्थायी छ भनेर टिकाटिप्पणी शुरु भइसकेको छ । यसको खण्डन गर्ने काम पनि सरकारकै हो । सरकारले नै आफूलाई जनमुखी र जनउत्तरदायी भनेर पुष्टि गर्ने हो । पुराना सरकारहरुले यस्तो जिम्मेवारी नलिएकाले अहिलेका सरकारले लिन पर्छ भन्ने चैँ छैन । फेरि पनि नयाँ सरकारलाई शुभकामना ।*

### ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

### ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# नेपालमा प्रधानमन्त्रीको इतिहास अधिकार

**प्रदीप बस्याल**

नेपालको संविधानअनुसार प्रधानमन्त्री देशको कार्यकारी प्रमुख हो । प्रतिनिधिसभाका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेले नयाँ गठबन्धन बनाएपछि पुष्पकमल दाहाल 'प्रचण्ड' प्रतिनिधिसभामा विश्वासको मत पाउन विफल भए। उनी स्वतः पदमुक्त भए पनि अर्को सरकार गठन नहुँदासम्म उनी कामचलाउ प्रधानमन्त्री थिए।

राष्ट्रपति रामचन्द्र पौडेलले बहुमतका आधारमा नयाँ सरकार गठन गर्न आह्वान गरेपछि शेरबहादुर देउवाको समर्थनसहित प्रधानमन्त्रीमा केपी शर्मा ओलीको मात्र दाबी पेस भएको छ। उनी प्रधानमन्त्री पनि नियुक्त भएका छन्। प्रचण्डले प्रधानमन्त्रीको रूपमा संसद्मा उठाएको गम्भीर प्रश्नः सरकार र प्रधानमन्त्रीभन्दा बलियो शक्ति को ? अब बनने सरकार प्रमुख नेपालका ४५ औँ प्रधानमन्त्री हुने छन् । भीमसेन थापालाई आधुनिक नेपालका प्रथम प्रधानमन्त्री मानिन्छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको विवरणअनुसार अहिलेसम्म नेपालमा ३८ व्यक्ति प्रधानमन्त्री बनेका छन् । ओली यसअघि तीन पटक प्रधानमन्त्री नियुक्त भइसकेका छन्। अब नियुक्त हुँदा उनी चौथो पटक प्रधानमन्त्री बन्ने छन्। नेपालमा अहिलेसम्म महिला प्रधानमन्त्री बनेका छैनन्।

**प्रधानमन्त्री कसरी नियुक्त हुन्छन् ?**

प्रतिनिधिसभाको सदस्य मात्र प्रधानमन्त्री बन्न सक्छन् । नेपालको संविधानको धारा ७६ मा राष्ट्रपतिबाट प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिमण्डल विस्तारसम्बन्धी प्रावधान छ । त्यसअनुसार उपधारा १ बमोजिम राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमतप्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नुपर्छ । तर प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा उपधारा २ आकर्षित हुन्छ।

उपधारा २ बमोजिम प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था उल्लेख छ । सोही धाराको उपधारा ३ मा उपधारा २ बमोजिम प्रधानमन्त्री नियुक्त हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ। उपधारा २ वा ३ बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्छ।

उपधारा ३ बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसके तर उपधारा २ बमोजिमको कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्ने समेत संवैधानिक व्यवस्था उपधारा ५ मा छ।

**प्रधानमन्त्री पद कुन अवस्थामा रिक्त हुन्छ ?**

नेपालको संविधानको धारा ७७ मा प्रधानमन्त्री पदमा बहाल रहेका व्यक्तिले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा पद रिक्त हुने कुरा उल्लेख छ। त्यसबाहेक धारा १०० बमोजिम विश्वासको प्रस्ताव पारित हुन नसकेमा वा निजविरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा वा उक्त व्यक्ति प्रतिनिधिसभाको सदस्य नरहेमा वा निजको मृत्यु भएमा समेत उक्त पद रिक्त हुन्छ।

**प्रधानमन्त्रीको काम के हो?**

नेपालको संविधानले सरकारको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहने उल्लेख गरेको छ । पूर्वमुख्यसचिव सोमलाल सुवेदीका अनुसार कार्यकारिणी अधिकारको अर्थ दैनिक प्रशासन सञ्चालन गर्नुपर्ने दायित्व हो। 'राज्यका कामहरू गर्न हाम्रो कानुनले सङ्घीय सरकारलाई एकलदेखि साझा अधिकार दिएको छ। त्यसरी हेर्दा संविधानको लगभग ५५ देखि ६० प्रतिशत अधिकार सङ्घीय सरकारमा भएको देखिन्छ,' सुवेदी भन्छन् । 'तर प्रधानमन्त्रीले कति काम गर्न सक्ने भन्ने कुरा मन्त्रीहरूको क्षमता कति छ र मन्त्रीहरूले उनलाई कति टेर्छन् भन्नेमा निर्भर रहन्छ । गठबन्धन सरकारका हकमा मन्त्रीहरू कति सरकारप्रति, कति दलप्रति उत्तरदायी छन् भन्ने कुराको अर्थ रहन्छ।' राज्यको सर्वोच्च पदमा राष्ट्रपति भए पनि कार्यकारिणीमा संस्थाले हस्तक्षेप गर्ने कुरा संविधानले परिकल्पना नगरेको पूर्वमुख्यसचिव सुवेदी बताउँछन्।

उनी भन्छन्, 'प्रधानमन्त्रीले राष्ट्रपतिलाई जानकारी गराउनुपर्छ भन्ने संविधानमै व्यवस्था छ, राष्ट्रपतिले त कार्यकारिणीले दिएको कुरा गर्ने हो। कतिपय ध्यानाकर्षण गराउने, परामर्श गर्ने त हुन्छ नै। तर राष्ट्रपतिले आफै कुनै कदम चाल्न दिएको जस्तो लाग्दैन।' नेपाल सरकारको कार्यविभाजन नियमावली, २०७४ ले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विभिन्न ४८ वटा अधिकार प्रदान गरेको छ।

तर त्यसको सुरुमै 'मन्त्रिपरिषद्सम्बन्धी' भन्ने बुँदा राखेर उसलाई २० मन्त्रालय रहने गरी समग्र मन्त्रिपरिषद्को जिम्मेवारी रहने उल्लेख गरिएको छ। संविधानले प्रधानमन्त्री संसद्प्रति उत्तरदायी हुने व्यवस्था गरेको छ। 'संसद्मा, संसदीय समितिहरूमा प्रधानमन्त्रीले जबाफ दिइरहनुपर्छ। त्यहाँ प्रगति प्रतिवेदन, बजेटजस्ता कुराहरूमार्फत् संसदले जबाफदेह बनाउँछ,' सुवेदी भन्छन्।

**के प्रधानमन्त्रीले संसद् भङ्ग गर्न सक्छन् ?**

प्रधानमन्त्रीले विशेष परिस्थितिमा तल्लो सदन प्रतिनिधिसभा विघटन गर्न सक्छन्। यद्यपि त्यसका लागि संविधानले तोकेका केही शर्त पूरा गर्नुपर्ने हुन्छ। प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा तात्कालिक प्रधानमन्त्री केपी शर्मा ओलीले दुई पटक संसद् विघटन गरेका थिए। तर अदालतले उनको निर्णय दुवै पटक उल्ट्याइदिएको थियो।

नेपालको संविधानको धारा ७६ मै उपधारा ५ बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसके वा प्रधानमन्त्री नियुक्त हुन नसके प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गर्न सक्ने व्यवस्था छ । त्यसको छ महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नुपर्छ।

धारा ७६ (८) मा प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा प्रधानमन्त्रीको पद रिक्त भएको मितिले ३५ दिनभित्र प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने उल्लेख छ। विसं २०७९ मा प्रचण्ड, शेरबहादुर देउवा र माधव नेपालले चुनावी गठबन्धन गरे पनि प्रधानमन्त्री पदकै कारण शुरुदेखि नै उनीहरूबीच अविश्वास देखा प¥यो। कार्य सञ्चालन निर्देशिका, २०७७ (आठौँ संस्करण) अनुसार प्रधानमन्त्रीको मासिक पारिश्रमिक ७७ हजार २ सउ ८० रुपैयाँ हुन्छ । त्यसमा २ हजार रुपैयाँ महँगी भत्ता थपिन्छ। उनलाई सञ्चार सुविधाबापत ५ हजार रुपैयाँ र मासिक मसलन्द तथा अतिथि सत्कारबापत १० हजार रुपैयाँ तोकिएको छ। देशभित्र यात्राका क्रममा प्रधानमन्त्रीको दैनिक भ्रमण भत्ता ३ हजार रुपैयाँ तोकिएको छ।

प्रधानमन्त्रीले आफ्नो सचिवालयमा ६५ हजार १ सय ४० रुपैयाँ मासिक पारिश्रमिक दिने गरी एक जना प्रमुख स्वकीय सचिव राख्न पाउँछन् । त्यसबाहेक एक जना स्वकीय सचिव, तीन जना सहस्वकीय सचिव, छजना उपस्वकीय सचिव र पाँच जना स्वकीय अधिकृत नियुक्त गर्न पाउँछन् । अन्य केही अधिकृत, चालक र कार्यालय सहयोगीसहित प्रधानमन्त्रीले आफ्नो सचिवालयमा बढीमा ३४ जना नियुक्त गर्न सक्छन् । प्रधानमन्त्रीलाई मासिक ३ सय ६ लिटर पेट्रोल र वार्षिक ४० लिटर मोबिल सुविधा उपलब्ध हुन्छ।

नेपाल सङ्घीय गणतन्त्र घोषित भएयता नौ व्यक्ति सरकार प्रमुख बनेका छन्। विसं २०६५ जेठ १५ मा गणतन्त्र स्थापना भएको थियो। त्यस बेला गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री थिए। गणतन्त्र नेपालका नौ सरकार प्रमुखमध्ये उनको र सुशील कोइरालाको निधन भइसक्यो। गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवा राजतन्त्र हुँदा पनि प्रधानमन्त्री बनेका थिए।

१. गिरिजाप्रसाद कोइरालाः विसं २०६३–६५ (पाँच पटक)
२. पुष्पकमल दाहाल प्रचण्डः विसं २०६५–६६, विसं २०७३–७४, विसं २०७९–८१
३. झलनाथ खनालः विसं २०६७–६८
४. बाबुराम भट्टराईः विसं २०६८–६९
५. शेरबहादुर देउवाः विसं २०७४, विसं २०७८–७९ (पाँच पटक)
६. माधवकुमार नेपालः विसं २०६६–६७
७. खिलराज रेग्मीः विसं २०६९–७० (दोस्रो संविधानसभाको निर्वाचन गराउन गठित मन्त्रिपरिषद्का अध्यक्ष)
८. सुशील कोइरालाः विसं २०७०–७२
९. केपी शर्मा ओलीः विसं २०७२–७३, विसं २०७४–२०७८, विसं २०७८, २०८१

(बिबिसी

# नवनियुक्त प्रधानमन्त्री ओलीको जीवनी



संविधानको प्रभावकारी कार्यान्वयन गर्दै मुलुकमा समृद्धि र विकासका लागि बलियो एवम् स्थिर सरकारको आवश्यकता देखिएका बेला ४५ औँ प्रधानमन्त्रीका रूपमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली नियुक्त हुनुभएको छ। नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओली नेपाली राजनीतिको केन्द्रमा रहने एक राजनीतिज्ञ हुनुहुन्छ। प्रधानमन्त्री ओलीलाई देशका प्रमुख राजनीतिक पार्टी कांग्रेस र एमालेको प्रस्तावमा करिब दुई तिहाइको समर्थनमा सरकारको नेतृत्व गर्ने ऐतिहासिक अवसर प्राप्त भएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा, ७६ (२) बमोजिम

आज प्रधानमन्त्रीमा नियुक्त अध्यक्ष ओली संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल एमालेको समर्थनमा मुलुकको कार्यकारी प्रमुखको जिम्मेवारीमा पुनः आउनुभएको हो। संसद् विघटन र सर्वोच्च अदालतमा रिट निवेदन परेका अवधिलाई गणना नगर्ने हो भने अध्यक्ष ओली यसअघि तीन कार्यकाल प्रधानमन्त्री भइसक्नुभएको छ।

विसं २०७१ साउन १ गते सम्पन्न पार्टीको नवौँ राष्ट्रिय महाधिवेशनमा अध्यक्षमा निर्वाचित ओली स्पष्ट अडान राख्ने र दृष्टिकोणमा अडिग रहने नेताका रूपमा चिनिनुहुन्छ। उहाँको गतिशील एवं सबल नेतृत्वमा पार्टी पनि यही देष्टिकोणका साथ अघि बढेको छ। नेपालको वर्तमान संविधान जारी भएसँगै २०७२ असोज २४ गते अध्यक्ष ओली पहिलोपटक मुलुकको प्रधानमन्त्री बन्नुभएको थियो। यसैगरी, विसं २०७४ को आम निर्वाचनपछि नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को समर्थनमा २०७४ फागुन ३ गते झन्डै दुई तिहाइ बहुमतसहित उहाँले दोस्रोपटक सरकारको नेतृत्व गर्नुभएको थियो।

त्यसपछि २०७५ जेठ ३ मा एमाले र माओवादी केन्द्रको एकता भई उहाँ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को दुई अध्यक्षमध्ये पहिलो वरियताको अध्यक्ष हुनुभएको थियो । पार्टीभित्रको विवादका कारण उहाँ नेतृत्वको सरकार अल्पमतमा परेको थियो। तत्कालीन राजनीतिक घटनाक्रमका बीच प्रधानमन्त्रीका हैसियतले मध्यावधि निर्वाचनका लागि गर्नुभएको सिफारिस सर्वोच्च अदालतको आदेशबाट बदर भएपछि अध्यक्ष ओली सरकारको नेतृत्वबाट बाहिरिनु भएको थियो।

**पञ्चायतविरोधी आन्दोलनमा अगुवाइ**

निम्न मध्यम वर्गीय परिवारमा बुबा मोहनप्रसाद र आमा मधुमाया ओलीको सुपुत्रका रुपमा जन्मिएका प्रधानमन्त्री ओली लोकतन्त्रका लागि लामो सङ्घर्ष, जेलनेल, पटकपटक कठोर यातना भोग्ने सीमित नेताहरुमा पर्नुहुन्छ। पूर्वी पहाडी जिल्ला तेह्रथुमको आठराईस्थित इवा गाउँको साधारण किसान परिवारमा २००८ साल फागुन ११ जन्मनुभएका ओली चार वर्षको उमेरमै मातृस्नेहबाट विमुख हुन पुग्नुभएको थियो। हजुरआमा रमादेवी ओलीको पालनपोषणमा हुर्कनुभएका ओलीले बालक छँदा पढाइका साथै ग्रामीण किसान परिवारमा गरिने सबै काम गर्नुभएको थियो। तेह्रथुम छोडेर २०२० सालमा उहाँको परिवार झापा बसाइँ स¥यो । झापाको सामाजिक, सांस्कृतिक, शैक्षिक तथा आर्थिक परिवेशमा अन्तरघुलित हुँदै जिज्ञासु स्वभावका ओलीले किशोर अवस्था पार गर्नुभयो। हरेकजसो विषयमा जिज्ञासा राख्ने स्वभावले ओलीलाई समाजभित्र हुने असमानता, विभेद र पक्षपातलगायतका प्रश्नहरुको उत्तर खोज्नतिर प्रेरित ग¥यो । अध्यक्ष ओलीको राजनीतिक उदय झापा आन्दोलनको सिर्जना र कठोर भूमिगत सङ्घर्षबाट भएको हो। राजतन्त्रात्मक पञ्चायती शासन व्यवस्थाको विरोधसहित देशभक्ति, लोकतन्त्र, समानता, सामाजिक न्याय, भेदभावरहित समाज र जनजागरणका लागि कम्युनिष्टहरुको सहभागितामा भएको आन्दोलनमा उहाँको नेतृत्वदायी भूमिका रहँदै आएको छ।

उहाँले लोकतान्त्रिक संरचनाहरुको सबलीकरण, राष्ट्रिय स्वाधीनताको रक्षा, लोकतन्त्रको मूल्यमान्यतप्रति प्रतिबद्धता, उग्रता र भड्काउहरुबाट समाजको रक्षा र जनताको जीवनमा सुखशान्तिका लागि अविचलित रूपमा अग्रणी भूमिका निर्वाह गर्नुभएको छ । 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने सङ्कल्पलाई काँधमा बोकेर मुलुक र जनताको सेवाका लागि सरकारको नेतृत्वमा रहँदा र नरहँदा पनि अहोरात्र खट्ने अध्यक्ष ओली कुशल वक्ता, तार्किक र अध्ययनशील नेतासमेत हुनुहुन्छ।

करिब छ दशक लामो राजनीतिक यात्राका क्रममा १४ वर्ष कठोर जेलजीवन बिताउनुभएका अध्यक्ष ओली २०७८ मङ्सिरमा चितवनमा सम्पन्न एमालेको दशौँ राष्ट्रिय महाधिवेशनबाट दोस्रो कार्यकालका लागि भारी मतका साथ अध्यक्षमा निर्वाचित हुनुभएको थियो।

पन्ध्र वर्षेको किशोर उमेरमै २०२३ सालमा उहाँ रामनाथ दाहालको अगुवाइमा रहेको माक्र्सवादी अध्ययन दलमा सामेल हुनुभयो। नेता दाहालसहित पाँच योद्धालाई तत्कालीन पञ्चायती सरकारले जेल सार्ने बहानामा सुखानीको जङ्गलमा लगेर गाली हानी हत्या ग¥यो, उहाँहरूलाई अहिले झापा आन्दोलनका शहीदका रूपमा चिनिन्छ। माक्र्सवादी अध्ययन दलमा सामेल भएको दुई वर्षमै पूर्णकालीन राजनीतिमा जोडिएर २०२६ माघमा उहाँले नेपाल कम्युनिष्ट पार्टीको सदस्यता पाउनुभयो । पार्टी सदस्यता पाएको वर्ष नै पहिलोपटक उहाँ गिरफ्तारीमा पर्नुभयो। विसं २०२८ मा ओली झापा आन्दोलन कमिटीको प्रमुखमा मनोनीत हुनुभएको थियो । सोही आन्दोलनको आधारभूमिबाट अघि बढ्दै गएको पार्टी अहिलेको एमाले हो।

निरङ्कुश पञ्चायती व्यवस्थाको विरोधका क्रममा नेता ओलीलगायत झापा आन्दोलनका क्रान्तिकारीहरु २०३० सालमा पक्राउ पर्नुभएको थियो। त्यसपछि उहाँले चार वर्ष गोलघरको यातनासहित १४ वर्ष लामो कठोर कारावास जीवन बिताउनुभयो। अध्यक्ष ओली जेलमै रहँदा २०३५ साल पुस ११ मा गठित नेपाल कम्युनिष्ट पार्टी (माले)को संस्थापकको हैसियतमा हुनुभयो। २०४४ साल असार ११ गते जेलबाट रिहा भएपछि सोही वर्षको पुस २ मा बसेको नेकपा (माले)को केन्द्रीय कमिटी बैठकले उहाँलाई केन्द्रीय सदस्यमा मनोनयन गरी पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलन परिचालकका लागि लुम्बिनी अञ्चल इन्चार्जको जिम्मेवारी तोक्यो। नेकपा (माले) समेतको नेतृत्वमा सञ्चालित जनआन्दोलनले निरङ्कुश पञ्चायती व्यवस्था पराजित भएपछि २०४७ जेठ १ गते नेता ओली पार्टीको युवा संस्था प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घ, नेपालको संस्थापक अध्यक्ष बन्नुभयो। नेपालको कम्युनिष्ट आन्दोलनलाई एकीकरण र विस्तार गर्ने क्रममा २०४७ पुस २२ गते नेकपा (माले) र नेकपा (माक्र्सवादी)बीच पार्टी एकीकरण भएर नेकपा (एमाले) बन्यो र एकीकृत पार्टीमा ओली केन्द्रीय सदस्य रहनुभयो।

**संसदीय यात्रा र एमालेको नेतृत्व**

बहुदलीय व्यवस्थाको स्थापनापछि २०४८ सालमा भएको पहिलो आम निर्वाचनमा झापा–६ बाट प्रतिनिधिसभाको सदस्यमा ओली निर्वाचित हुनुभयो। त्यसको तीन वर्षपछि २०५१ सालमा भएको मध्यावधि निर्वाचनमा झापा–२ बाट उहाँ प्रतिनिधिसभा सदस्य चुनिनु भयो। यही बीचमा पार्टी जिम्मेवारीका क्रममा उहाँ पोलिटब्यूरो सदस्यसहित विदेश विभाग, प्रचार विभाग र संसदीय विभाग प्रमुख हुनुभयो।

बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि २०५१ सालमा मनमोहन अधिकारीको नेतृत्वमा बनेको प्रथम जननिर्वाचित कम्युनिष्ट सरकारमा उहाँ पहिलोपटक मुलुकको गृहमन्त्री हुनुभयो। उहाँले सफल गृहमन्त्रीको मानक स्थापित गर्नुभयो। जनकपुरमा २०५९ सालमा भएको एमालेको सातौँ राष्ट्रिय महाधिवेशनमा ओलीबाट प्रस्तुत पार्टीको आन्तरिक लोकतान्त्रिकीकरण गरी बहुपदीय प्रणालीमा जाने प्रस्ताव प्रस्तुत भएपछि पार्टीको उहाँको प्रभाव थप विस्तारित भयो । सो प्रस्तावलाई २०६५ सालमा बुटवलमा भएको आठौँ राष्ट्रिय महाधिवेशनले पारित ग¥यो। उहाँको प्रस्तावलाई महाधिवेशनले पारित गरे पनि उहाँ पार्टी अध्यक्षमा तत्कालीन अध्यक्ष झलनाथ खनालसँग झिनो मतान्तरले पराजित हुनुभयो । दुईपटक मिर्गौला प्रत्यारोपण गराउनुभएका ७३ वर्षीय अध्यक्ष ओली समकालीन अन्य नेताभन्दा बढी सक्रिय देखिनुभएकाले विकास र समृद्धिको अधुरो यात्राले गति लिने अपेक्षा गरिएको छ।

# कांग्रेस र एमालेको निर्णय कुर्दै साना दल



**काठमाडौँ ।**
मुलुकका प्रमुख राजनीतिक दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच भएको समझादारीअनुरूप एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त भएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ७६ को उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्री नियुक्त गर्नुभएपछि अब नयाँ सरकार गठन औपचारिक रूपमा शुरू भएको छ । प्रधानमन्त्री ओलीले सोमबार नै मन्त्रिमण्डल गठन गर्ने तयारी छ ।

सरकार गठनका लागि कांग्रेस र एमालेसँग पर्याप्त सांसद भए पनि अन्य दललाई समेत साथमा लिएर अगाडि बढ्ने मनस्थितिमा दुवै दल छन् । संसद्का अधिकांश साना दलले नयाँ सरकारलाई समर्थन गर्ने निर्णय नै गरिसकेका छन् ।

ती दलले शुक्रबार प्रधानमन्त्री दाहालको विश्वासको मतको विपक्षमा मतदान गरेर नयाँ सरकारलाई समर्थन गरिसकेका छन् भने केही दलले सरकारमा सहभागी हुने वा नहु्ने भनेर निर्णय गरेका छैनन् । यी दल पर्ख र हेरको रणनीतिमा रहेका बुझिएको छ । जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनता समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टी नयाँ सरकारमा सहभागितालगायतका

विषयमा प्रमुख गठबन्धन दलको औपचारिक धारणाको पर्खाइमा छन् । ती दलले आफूले पाउने मन्त्रालयको भागबण्डापछि मात्रै कसलाई मन्त्रीमा पठाउने भनेर निर्णय गर्ने प्रतिक्रिया दिएका छन् ।

जनमत पार्टीका प्रवक्ता डा शरदसिंह यादवले नयाँ सरकारलाई पार्टीले समर्थन गरिसकेकाले सरकारमा सहभागीताबारे पर्ख र हेरको नीतिमा रहेको बताए । 'हाम्रो पार्टीको प्राथमिकता मधेश प्रदेश सरकार हो, सङ्घीय सरकारलाई समर्थन गरेकाले पार्टीले पाउने मन्त्रालयको जिम्मेवारीपछि मात्रै आवश्यक छलफल हुन्छ र मन्त्री कसलाई बनाउने भन्ने निर्णय हुन्छ' उनले भने ।

लोसपाका प्रमुख सचेतक रामप्रकाश चौधरीले नयाँ सरकारमा सहभागिताबारे सत्ता साझेदार दलसँगको छलफलपछि पार्टीले आवश्यक निर्णय लिने बताए । उनले भने, 'पार्टीले सरकारलाई समर्थन गरिसकेको छ, मन्त्री छनौटको जिम्मेवारी पार्टी अध्यक्षलाई दिइएको छ । गठबन्धन दलसँग छलफल गरेर मन्त्रालयको टुङ्गो लागिसकेपछि कसलाई मन्त्री बनाउने भन्ने निर्णय हुन्छ ।'

लोसपाका नेता राजकिशोर यादवले नयाँ सरकारमा सहभागी हुनेबारे पार्टीमा छलफल भइनसकेको बताए ।

जनता समाजवादी पार्टीका महासचिव मोहम्मद इतियाक राईले सरकारमा सहभागिताबारे अहिले पार्टीभित्र छलफल नभएको बताए । नागरिक उन्मुक्ति पार्टी पनि सत्ता सहकार्यबारे सकारात्मक रहेको छ । मन्त्रालयको भागबण्डा मिलेपछि मात्रै मन्त्री छनोटको विषयमा पार्टीले छलफल गर्ने सो पार्टीले जनाएको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले भने सरकारमा सहभागिताबारे कांग्रेस र एमालेसँगको छलफलपछि मात्रै आगामी रणनीति तय गर्ने पार्टी प्रवक्ता मोहन श्रेष्ठले बताए । उनले भने, 'अहिले पार्टीले केही धारणा बनाएको छैन, सत्ता साझेदार दलहरू कसरी आउनुहुन्छ, सोहीअनुरूप पार्टीले निर्णय लिनेछ ।' रासस

# 'ऊर्जा क्षेत्रमा गुणात्मक प्रगति भएको छ'



**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले मुलुकको ऊर्जा क्षेत्रको विकासमा उल्लेखनीय र गुणात्मक प्रगति भएको बताएका छन् । उनको बिदाइका लागि आज मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्री बस्नेतले दीर्घकालीन विद्युत् व्यापार सम्झौता र आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् भारत निर्यात गर्ने सहमति आफ्नो कार्यकालको सबैभन्दा महत्वपूर्ण उपलब्धि भएको बताए ।

मन्त्री बस्नेतले ऊर्जा क्षेत्रमा भएको उपलब्धिले मुलुकको समृद्धिका लागि मार्ग प्रशस्त गरेको र त्यसले अर्थतन्त्रलाई समेत सबल बनाउने विश्वास व्यक्त गरे । नेपालको विकास प्रक्रियालाई गति दिने तथा आर्थिक समृद्धिको आधार स्तम्भका रुपमा रहेको ऊर्जा क्षेत्रलाई गति दिने र रोकिएका काम यस अवधिमा सम्पन्न भएकामा खुसी व्यक्त गरे ।

ढल्केबर इनरुवा चार सय केभी प्रसारण लाइन, डेढ दर्जन बढी सबस्टेसन तथा प्रसारण लाइन सम्पन्न भएको जानकारी दिँदै मन्त्री बस्नेतले अन्य केही कार्यक्रम यसबीचमा सम्पन्न भएका बताए । ऊर्जा मिश्रण अवधारणाअनुसार आठ सय मेगावाट क्षमताको सौर्य परियोजना अगाडि बढाइएको र त्यसलाई प्रतिस्पर्धाका आधारमा अगाडि बढाउन लागिएको उनको भनाइ छ ।

राष्ट्रिय गौरवका आयोजनालाई गति दिने, सञ्चालनमा रहेका सिँचाइ आयोजनाको क्षमता विस्तार तथा थप १० लाख हेक्टर क्षेत्रमा सिँचाइ पु¥याउने लक्ष्यका साथ काम अगाडि बढाइएको र त्यसले आगामी केही वर्षमा परिणाम देखिने मन्त्री बस्नेतले उल्लेख गरे । उनले सामूहिक भावनाका साथ काम गर्ने तथा गराउन प्रयत्न गरिएको उल्लेख गर्दै ऊर्जा विकास कार्ययोजना, माथिल्लो अरुण, दूधकोशी जस्ता आयोजना अगाडि बढाउन अन्तिम चरणमा पु¥याइएका बताए । मन्त्री बस्नेतले आगामी दिनमा फरक भूमिकामा रहे पनि आफूले अगाडि बढाएका कामलाई गति दिन साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

सो अवसरमा ऊर्जा, जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडी र जल तथा ऊर्जा आयोगका सचिव केशवकुमार शर्माले मन्त्री बस्नेतको कार्यकालमा भएका काम कारबाही उल्लेखनीय र रणनीतिक महत्वका रहेका तथा यसले समग्र क्षेत्रको विकासमा महत्व राख्ने बताए । रासस

# ओली प्रधानमन्त्रीमा नियुक्त भएपछि झापावासी हर्षित




**झापा ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली चौथोपटक प्रधानमन्त्री बनेपछि गृहजिल्ला झापावासी हर्षित भएका छन् । जिल्लामा विकास निर्माणलगायतका कामले थप गति लिने अपेक्षासहित जिल्लावासी हर्षित भएका हुन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार नै उनलाई नेपालको संविधानको धारा ७६(२) अनुसार प्रधानमन्त्री पदमा नियुक्त गरेका हुन् । झापा निर्वाचन क्षेत्र नं ५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित प्रधानमन्त्री ओलीले विगतका कार्यकालमा जिल्लामा सुरू गरेका विकास निर्माणका योजनाले पूर्णता पाउनुका साथै आगामी दिनमा नयाँ योजना थपिनेमा जिल्लावासी आशावादी छन् । कन्काई नगरपालिका–४ का खगेन्द्र उप्रेती जिल्लावासी चौथोपटक देशको कार्यकारी नेतृत्वमा पुग्नु गौरवको कुरा भएको बताउँछन् । प्रधानमन्त्री ओलीले विगतमा गरेका वाचा पूरा गर्न सकेमा झापावासीका लागि त्यही नै ठूलो उपहार हुने उप्रेतीको भनाइ छ ।

मेचीनगरका पर्यटन व्यवसायी चन्द्र कार्कीले ओली प्रधानमन्त्री भएसँगै झापाको पर्यटन क्षेत्र थप चलायमान हुने अपेक्षा व्यक्त गर्छन् । पर्यटकीयस्थल किच्चकबध, केचना, सतासीधाम, जमुनखाडी सिमसारलगायतका क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्ने खालका ठूला योजना आउनेमा आफूहरू आशावादी भएको उनले बताए । साथै पर्यटकलाई काँकरभिट्टा नाका हुँदै तेस्रो मुलुकबाट नेपाल प्रवेश गर्न केही वर्षदेखि लगाइएको रोक हटाउन सकेमा यस क्षेत्रको विकास ठूलो टेवा पुग्ने र यसमा प्रधानमन्त्री ओलीले पहल गर्ने यहाँका सबै व्यवसायीले अपेक्षा गरेको कार्कीले सुनाए ।

भद्रपुर नगरपालिका–१० का मेघराज राजवंशीले प्रधानमन्त्री ओलीको नेतृत्वमा जिल्लाका रणनीतिक सडक निर्माण सम्पन्न गर्न सहज हुने आशा जागेको बताए । सडक डिभिजन दमकका सूचना अधिकारी इञ्जिनीयर गौतमकुमार देवले बजेट अभावले जिल्लाका पाँचवटै निर्वाचन क्षेत्रका रणनीतिक सडक अधुरा रहेका र सबै क्षेत्रमा रु नौ करोड बजेट अभाव रहेको जानकारी दिए ।

झापा गाउँपालिका वडा नं २ का अध्यक्ष हिमालकुमार चम्लागाईंका अनुसार वर्षाको समयमा कन्काइ, बिरिङ, मेची, रतुवा जस्ता ठूला नदीले जिल्लाको दक्षिणी क्षेत्र डुबान भई गाउँबस्ती नै विस्थापित हुने अवस्था छ । उहाँले जिल्लावासी नै देशको नेतृत्वमा पुगेसँगै डुबान रोक्न नदी किनारमा स्थायी तटबन्ध निर्माण हुने आशा व्यक्त गरे । रासस

# मेरो बारेमा अनुसन्धान गर्नूस्ः मन्त्री



**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले आफ्नो बारेमा कुनै विषयमा अनुसन्धान अगाडि बढाउनुपर्ने लागेमा निःकङ्कोच अनुसन्धान अघि बढाउन आग्रह गरेका छन् । गृह मन्त्रालयमा आइतबार भएको बिदाइ कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, 'आजसम्म स्वतः प्रभावित हुनुभएको भए पनि अब मेराबारे पनि अनुसन्धान गर्नूस् । गलत गरेको भए कानुन मलाई पनि लाग्नुपर्छ ।' नक्कली भूटानी शरणार्थी, टीकापुर, पतञ्जली र बालमन्दिर जग्गा प्रकरणबारे जारी अनुसन्धान निष्पक्ष र प्रभावकारी रुपमा अगाडि बढोस् भन्ने आफ्नो चाहना रहेको उनले बताए । सरकार परिवर्तन अनौठो कुरा नभएको उल्लेख गर्दै गृहमन्त्री लामिछानेले सरकार परिवर्तनको प्रभाव प्रहरी, कर्मचारी प्रशासनमा पर्न नहुने भएकोले सोको प्रभाव नपार्न गृह र सुरक्षा अधिकारीसँग आग्रह गरे ।

अनुसन्धान जारी रहेकाले सुनकाण्ड छानबिनको प्रतिवेदन सार्वजनिक नगरेको उहाँले जानकारी दिए । 'हामीलाई लागेको होला केके नै ग¥यौं तर हाम्रा कामबाट नागरिक पटक्कै खुसी छैनन् । नागरिक सन्तुष्ट नभएसम्म हामीले कामको प्रगति विवरण भनेर बुँदाहरु थप्दै सार्वजनिक गर्नुको के रहँदैन', गृहमन्त्री लामिछानेले भने । सरकार परिवर्तन हुनुको, मन्त्री आउनु र जानुको प्रभाव आमनागरिकमा पर्न नहुने भन्दै कानुनअनुसार काम गर्न मन्त्री परिवर्तनले केही फरक नपार्ने उनको भनाइ छ ।

चार महिनामा धेरै काम गर्न नसकिएको बताउँदै केही आधार भने तयार भएको गृहमन्त्री लामिछानेले बताए । तयार भएको आधारलाई भत्किन नदिन सरोकार भएकालाई अनुरोध गर्दै उनले नयाँ मन्त्रीले पनि बनेका आधारलाई सकारात्मक रुपमा ग्रहण गर्ने विश्वास व्यक्त गरे ।

# प्रधानन्यायाधीशसमक्ष बारको ध्यानाकर्षण




**काठमाडौँ ।**
प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ समक्ष नेपाल बार एशोसिएशनले काठमाडौँ घोषणा–पत्र, २०८१ कार्यान्वयन सम्बन्धमा आइतबार ध्यानाकर्षण गराएको छ । बारका अध्यक्ष गोपालकृष्ण घिमिरेले काठमाडौँ घोषणापत्रबारे जानकारी गराउँदै उक्त घोषणापत्र कार्यान्वयन गर्न प्रधानन्यायाशीध श्रेष्ठको ध्यानाकर्षण गराएका हुन् । प्रधानन्यायाधीशले आफूले घोषणापत्रका कार्यान्वयन गराउने विषयमा काम गरिरहेको र बारले राखेका मागको विषयमा आफू गम्भीर रहेको बताए ।

बारले न्याय परिषद्द्वारा विसं २०८० असोज १ गते न्याय परिषद् नियमावलीको नियम ११ मा गरिएको संशोधनले उच्च अदाललतमा नियुक्ति भई काम गरिरहेका न्यायाधीशहरुको नियुक्तिको वरियतामा असर गर्ने गरिएको र नेपालको संविधानको धारा १४१ उपधारा (३) को संवैधानिक व्यवस्थासँग प्रत्यक्ष बाझिएको विषय प्रधानन्यायाधीश समक्ष राखेको थियो । बारका अध्यक्ष घिमिरेले परिषद्को नियमावली संशोधन विधिको शासनको वर्खिलाप हुन गएको र पश्चादर्शी असर पर्ने गरी गरिएको नियमावलीको संशोधन अविलम्ब खारेज गर्नका लागि न्याय परिषद्को अध्यक्षको हैसियतले पहल गर्न आग्रह गरे ।

सर्वोच्च अदालतमा रहेको संवैधानिक इजलास एक स्थायी इजलासको रुपमा नियमति सञ्चालन हुने अवस्थामा पु¥याउन थप चार जना न्यायाधीश नियुक्त गरी सर्वोच्चमा न्यायाधीशको कूल संख्या २५ जना रहने गरी संविधान संशोधन गर्न पहल गर्नुपर्ने बारको माग थियो । प्रधानन्यायाधीशसहित वरिष्ठतम चार जना न्यायाधीशहरु संवैधानिक इजलासमा निरन्तर रहने व्यवस्था गर्न तथा संवैधानिक इजलासमा मुद्दाको चाप नरहेको अवस्थामा ती न्यायाधीशहरुबाट अन्य मुद्दा हेर्ने व्यवस्था मिलाउने व्यवस्था गर्नुपर्ने माग ध्यानाकर्षणपत्रमा छ ।

बारले सर्वोच्च अदालतबाट वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने सम्बन्धमा निर्धारित मापदण्ड अविलम्ब खारेज गरी संविधान र कानुन सम्मत रुपमा सो उपाधिको गरिमा र महत्व अक्षुण्ण राखी उपाधि मागेर नभई सम्मानार्थ दिनुपर्ने सिद्धान्तलाई अवलम्बन गरी प्रत्येक वर्ष उक्त उपाधि प्रदान गर्ने गरी व्यवस्थापन गर्न आग्रह गरेको छ । बारको १६औँ अखिल नेपाल कानुन व्यवसायी राष्ट्रिय सम्मेलन २०८१ साल जेठ ४, ५ र ६ गते काठमाडौँमा सम्पन्न भएको थियो । उक्त सम्मेलनले ३८ बुँदे काठमाडौँ घोषणा–पत्रमा जारी गरेको थियो । तीमध्ये सर्वोच्च अदालतबाट मात्र सम्बोधन हुनुपर्ने विषयलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरी न्यायालयसँग सम्बन्धित अन्य विषय कार्यान्वयनका लागि समन्वय गर्न आग्रह गरिएको हो ।

ध्यानार्षणपत्रमा सबै तहका अदालतमा मेलमिलाप केन्द्रको भौतिक संरचनालाई व्यवस्थित गरी सबै निकायमा मेलमिलाप हुन सक्ने प्रकृतिका मुद्दालाई मेलमिलापमा प्रोत्साहन दिँदै मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न पहल गर्न अनुरोध गरिएको छ । सबै तहका अदालतमा न्यायाधीश नियुक्ति समानुपातिक, समावेशी अनुरुप सक्षम, दक्ष र योग्य व्यक्तिको नियुक्ति अनिवार्य रुपमा गर्न माग बारले गरेको छ । मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५ मा साविकको १ वर्ष कैद सजाय भएको भन्ने वाक्यांशको सट्टामा एक वर्ष कैद सजाय हुने भनी गरिएको संशोधन न्यायोचित नभएको हुँदा यसलाई पूर्ववत व्यवस्था कायम गर्ने गरी कानुन संशोधन गर्न पहल गर्नलगायत माग बारले आग्रह गरेको छ । रासस

# चार महिनामा आशा जगाउने काम गरेको अर्थमन्त्रीको दाबी



**काठमाडौँ ।**
अर्थमन्त्री वर्षमान पुनले दोस्रो कार्यकाल सन्तोषजनक रहेको बताएका छन् । अर्थ मन्त्रालयका कर्मचारीद्वारा आइतबार आयोजित विदाइ कार्यक्रममा उनले आगामी आर्थिक वर्षको बजेटमार्फत मुलुकको भावी विकास र अर्थतन्त्रको मार्गचित्र कोर्न सफल भएकोसमेत दाबी गरे । उनले चार महिने कार्यकालमा आफू जिम्मेवारीमा नरहे पनि आफ्नो अनुभव र शिक्षाका आधारमा मुलुकको अर्थतन्त्र सुधारका लागि नयाँ आउने मन्त्रीसँग सहकार्य हुने बताए । आगामी आवको बजेटमार्फत विद्यमान शिथिल अर्थतन्त्रमा सुधार तथा निजी क्षेत्र र युवा वर्गमा आशा जगाउने खालका कार्यक्रम ल्याइएको उनले जिकिर गरे ।

बाह्र वर्षअघि पहिलोपटक १८ महिना अर्थमन्त्रीको जिम्मेवारीमा रहँदा दुई आर्थिक वर्षमा पुरक बजेट ल्याएको स्मरण गर्दै उनले यसपटक संसद्बाट पूर्ण बजेट ल्याउने मौका पाएकामा खुसी व्यक्त गरे । 'केही आशा जगाउने गरी बजेट ल्याएको छु । चार महिना एक साताको कार्यकालबाट म सन्तुष्ट छु' अर्थमन्त्री पुनले भने, 'मलाई अर्थ मन्त्रालय परिवार र नेपाल राष्ट्र बैंकका गभर्नरसहित सम्वद्ध सबैबाट राम्रो सहयोग मिल्यो ।'

आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रियालाई सहभागितात्मक बनाइएकाले विगतको तुलनामा यसपटकको बजेटको स्वामित्व धेरैले लिएको उनको भनाइ थियो । सरकारको नीति तथा कार्यक्रम, बजेट र मौद्रिक नीतिमा तालमेल नहुँदा मुलकको समग्र अर्थतन्त्रमा त्यसको नकारात्मक प्रभाव पर्ने गरेको विगतबाट सिकेर योपटक बढीभन्दा बढी निकाय र सरोकारवालाको सहभागितामा बजेट निर्माण गरिएको अर्थमन्त्री पुनले बताए ।

'एक वर्ष बसे पनि, चार महिना बसे पनि अर्थमन्त्रीले गर्ने मुख्य काम बजेट ल्याउनु नै हो । जहिले पनि बजेट विवादमा आउने र कसैले स्वामित्व नलिने अवस्था रहँदै आयो । प्रधानमन्त्री कार्यालयमा बन्ने नीति तथा कार्यक्रम एक खालको, अर्थ मन्त्रालयमा बन्ने बजेट अर्को खालको र राष्ट्र बैंकले ल्याउने मौद्रिक नीति अर्कै खालको हुने गरेको थियो' उनले भने, 'राज्यका नीतिहरु समन्वयात्मक ढङ्गले आउनुपर्छ भनेर यसपटक बजेट निर्माणमा सुरुदेखि नै बजेट बनाउँदा योजना आयोगका, उपाध्यक्ष, राष्ट्रबैंकका गर्भनर र मुख्यसचिवलाई सुरुदेखि नै सहभागी गराइयो ।' मलुकु आर्थिक शिथिलताबाट माथि उठ्दै गर्दा तयार पारिएको बजेटले आशा जगाएको अर्थमन्त्री पुनको भनाइ छ । विगतमा जस्तो यसपटक बजेट महत्वाकांक्षी नरहेकाले कार्यान्वयन हुनेमा शङ्का नरहेको उनले उल्लेख गरे । मुलुकको भू–अवस्थितिअनुसार आर्थिक विकासको अवधारणा र रुपान्तरणकारी योजना बनाउनुपर्ने विषयलाई ध्यान दिएर यसपटक विगतमा जस्तै कृषि, जलविद्युत, पर्यटन र उत्पादममुलक उद्योगमा जोड दिइए पनि सूचना प्रविधि क्षेत्रलाई महत्वका साथ समावेश गरिएको चर्चा मन्त्री पुनले गरे ।

'सूचना प्रविधिमा हाम्रो प्रतिस्पर्धी क्षमता छ । भू–अवस्थितिका कारणले पनि त्यो क्षेत्रमा विश्वव्यापी प्रतिस्पर्धी क्षमता बन्न सक्छ भन्ने मेरो विश्वास हो' उनले भने ।

दुई छिमेकी मुलुक भारत र चीनको विकसित र सुदृढ अर्थतन्त्रबाट प्रत्यक्ष लाभ लिने गरी बजेटमार्फत् योजना अघि सारिएको पुनको दाबी छ । 'विगतमा बजेट छरियो, आकार ठूलो भयो, महत्वाकांक्षी भयो, कार्यान्वयन हुँदैन भन्ने गरिन्थ्यो ।

धेरैको अपेक्षाविपरीत हामीले सही आकारको र यथार्थपरक बजेट प्रस्तुत गरेका छौं' उनले भने, 'विश्व आर्थिक केन्द्र बन्दै गइरहेको दुवै छिमेकका विकसित अर्थतन्त्रबाट फाइदा लिनुपर्छ भनेर योजना र कार्यक्रम ल्याएका छौं ।'

बढ्दो वैदेशिक मुद्रा सञ्चितिलाई मुलुकको प्राथमिकता क्षेत्रमा खर्च गर्न बजेटमार्फत 'सोभरेन्ट वेल फण्ड'को अवधारणा अघि सारिएको अर्थमन्त्री पुनले उल्लेख गरे । 'वैदेशिक मुद्राको सञ्चितिलाई मुलुकको विकासमा सदुपयोग गर्नका लागि बजेटमार्फत 'सोभरेन्ट वेल फण्ड'का रुपमा लानुपर्छ भन्ने नयाँ बहस अघि सारेका छौं', उनले भने, 'यो अवधारणाले हामीलाई विदेशी मुद्राको सञ्चितिलाई मुलुकको प्राथमिकता निर्धारण गरेर प्रयोग गर्ने सुविधा दिन्छ ।' अर्थमन्त्री पुनले बजेटमार्फत् करका दर फेरफेर गर्दा यसपटक धेरै विवाद नभएकोसमते जिकिर गरे । बजेट निर्माणको सुरुको चरणदेखि नै आफू त्यसबारे सचेत रहेको भन्दै उनले एक्लै नभई मन्त्रालयका दुवै सचिव, राजश्व महाशाखा प्रमुख, भन्सार र राजश्वका महानिर्देशक र बजेट लेखन समितिका सदस्यबीच लामो छलफलपछि मात्र करका दरहरुमा हेरफेर भएको बताए ।

'अर्थमन्त्रीले अन्तिम रात आफूखुसी बिना तर्क, बिना तथ्य एक्लो तजबिजमा राजश्व र भन्सारका दरमा हेरफेर गरिन्थ्यो । यसपटक मन्त्रालयको पूरै टिमले विज्ञ, सरोकारवाला र उद्योगी व्यवसायीका संगठनले संस्थागत रुपमा दिएका संस्थागत सुझावसमेत समेटेर तथ्यमा आधारित रहेर राजश्व र भन्सारका दर हेरफेर गरेका छौं ।

त्यसमा पनि एकदमै कम चलाएका छौँ', पुनले भने । सरकारले विकासका ढाँचा बनाउँदा केही ठाउँमा विकास गर्ने र त्यसलाई विस्तार गर्ने गरी नीति लिनुपर्ने भन्दै उनले बजेटले नयाँ कार्यक्रमका रुपमा पोखरा, बुटवल र नारायणगढ तीन ठूला सहरलाई जोडर आर्थिक त्रिभुजको अवधारणा अघि सारेको उल्लेख गरे ।

सरकारले यातायातसहित पूर्वधार निर्माण तथा नीतिगत क्षेत्रमा काम गर्ने र निजी क्षेत्रको सहकार्यमा त्रिभुज कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको उनले बताए । आगामी आर्थिक वर्षको बजेटमार्फत नयाँ चरणको आर्थिक सुधारको घोषणा गरिएको भन्दै अर्थमन्त्री पुनले त्यसले समाजवादतर्फको बाटो निर्माण गर्ने धारणा राखे । संविधानले मुलुकलाई समाजवाद उन्मुख भनेकाले राष्ट्रिय अर्थतन्त्र र राष्ट्रिय पुँजी समाजवादतर्फ उन्मुख गराउन उक्त नीति अघि सारिएको उनको भनाइ छ । अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकले एक अर्काका प्रतिस्पर्धी नभई समन्वयमा काम गर्नुपर्ने भएपनि विगतमा विविध कारणले त्यसो हुन नसकेको अनुभव यसपटक आफूले गर्नुनपरेको पुनले अनुभव सुनाए । रासस

# अमेरिकाका पूर्वराष्ट्रपति ट्रम्पको हत्या प्रयास



**एएफपी**
**संयुक्त राज्य अमेरिका ।**
अमेरिकी रिपब्लिकन पार्टीद्वारा पेन्सिल्भेनिआमा आयोजित ¥यालीमा गोली प्रहार हुँदा रिपब्लिकन पार्टीका तर्फबाट राष्ट्रपतीय निर्वाचनका उम्मेदवार तथा भूतपूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प घाइते भएका छन् । उनको कानबाट रगत आएको देखिएको थियो । उनको हत्या गर्ने उद्देश्यले भएको ठानिएको उक्त घटनालगत्तै ट्रम्पलाई उक्त स्थानबाट बाहिर निकालिएको हो । उक्त घटनापछि ट्रम्पले आफ्नो दायाँ कानमा हात राखेको देखिएको हो । उक्त ¥यालीमा स्थिति नियन्त्रणमा लिनुअघि पटकपटक गोली चलेको आवाज सुनिएको प्रत्यक्षदर्शीले बताएका छन् । गोलीको आवाज आएपछि सुरक्षाकर्मीहरूले ट्रम्पलाई तत्कालै मञ्चबाट निकालेर गाडीतर्फ लगेका थिए । आफैँले खोलेको सामाजिक सञ्जाल 'ट्रूथ सोशल'मा सन्देश लेख्दै ट्रम्पले आफू 'सकुशल रहेको' र स्थानीय स्वास्थ्य संस्थाले आफ्नो उपचार गरिरहेको उल्लेख गरेका छन् । ट्रम्पले लेखेका छन्, '¥यालीमा सुइँय्य गरेको आवाज सुन्नेबित्तिकै मलाई केही गडबड छ भन्ने लाग्यो, गोली चलेको र मेरो छाला खुइल्याउँदै गोली गएको मलाई महसुस भयो । धेरै रगत बगेपछि के भएको हो भन्ने मैले थाहा पाएँ' उनले भने । उनलाई बचाउन सुरक्षा अधिकारीहरू दौडादौड गरेको दृश्यबीच उनको कान र अनुहारमा रगत बगेको स्पष्ट रूपमा देखिएको थियो । उक्त घटनामा एक जना सन्दिग्ध व्यक्तिलाई 'यूएस सिक्रेट सर्भिस'का अधिकारीहरूले गोली हानेर हत्या गरिदिएको उक्त निकायका प्रवक्ता एन्थोनी गुग्लिएल्मीले बताए । उनका अनुसार गोली प्रहारबाट एक जनाको मृत्यु भएको छ भने अन्य दुई जना गम्भीर घाइते भएका छन् । अमेरिकी गुप्तचर निकाय एफबीआईले ट्रम्पमाथि गोली चलाउने आक्रमणकारीको पहिचान खुलेको र उनी पेन्सिलभानियाका टोमस म्याथ्यू क्रुप्स रहेको जनाएको छ । ती स्रोतहरूले यो आक्रमणलाई ट्रम्पको हत्याको प्रयासको रूपमा लिइएको बताउँदै घटनाको थप अनुसन्धान भइरहेको बताएका छन् ।

# रोहित र दीपेन्द्रले क्यारेबियन लिग खेल्ने

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहित पौडेल र अलराउन्डर दीपेन्द्रसिंह ऐरीले म्याक्स ६० क्यारेबियन क्रिकेट लिग खेल्ने भएका छन् ।

शनिबार भएको ड्राफ्टबाट रोहित मियामी लायन्स तथा दीपेन्द्र भने ग्रान्ड क्यामन स्टिंर्गेसमा अनुबन्ध भएका हुन् ।

रोहितआबद्ध मियामीमा सोयब मल्लिक, डोयन ब्राबो, रवि भोपारा, कोरी एन्डरसन, चाडविक वाल्टन जस्ता चर्चित खेलाडी छन् ।

यसैगरी दीपेन्द्रआबद्ध क्यामनमा एलेक्स हेल्स, रोविन उथप्पा, बेन डुक, जोसुवा लिटिल, मार्क वाट खेलाडी आबद्ध रहेका छन् । प्रतियोगितामा पाँच टिमले प्रतिस्पर्धा गर्नेछन् ।

क्यारेबियन फ्रेन्चाइज लिग अगस्ट १८ देखि २५ सम्म केम्यान आइल्यान्डमा हुने छ । यो प्रतियोगिता टी–१० फर्म्याटमा हुने छ ।

# मौद्रिक नीतिः यस्ता छन् तीन

# निजी क्षेत्रको राष्ट्र बैङ्कलाई सुझाव




- ***राष्ट्र बैङ्कले नीतिगत दर घटाउँदासमेत बैङ्क ब्याजदरमा त्यो प्रतिबिम्बित हुन नसकेको, बरु उल्टै बैङ्क ब्याजदर घट्नुको साटो बैङ्कहरुले बढाएको देखिएको अवस्थामा बैङ्क ब्याजदरलाई अनुशासित गर्न सक्ने गरी नीतिगत दरलाई प्रभावकारी बनाउनुपर्ने सुझाव परिसङ्घको छ ।***
- ***उच्च आर्थिक वृद्धिका लागि स्थायी रुपमा एकल अङ्कको ब्याजदर कायम हुने नीति लिनुपर्ने, बैङ्क दर तथा नीतिगत दरहरु क्रमशः घटाउँदै लैजानुपर्ने, मुद्दति खाता र बचत खाताका फरक सीमामा विगतझैँ खुला राख्नुपर्नेलगायत सुझाव राष्ट्र बैङ्कलाई दिएको छ ।***
- ***उत्पादनमूलक उद्योगको क्षमता बढाउने र व्यापारिक प्रयोजनको भन्दा औद्योगिक प्रयोजनको कर्जा व्याजदर कम गर्ने विषय कार्यान्वयन गर्न मौद्रिक नीतिमा केही व्यवस्था ल्याइनुपर्ने सुझाव महासङ्घको छ ।***

**काठमाडौँ ।**
नेपाल राष्ट्र बैङ्क आगामी आर्थिक वर्ष २०८१÷८२ को मौद्रिक नीतिको अन्तिम तयारीमा छ । साउन पहिलो वा दोस्रो हप्ताभित्र मौद्रिक नीति ल्याइसक्ने तयारीमा राष्ट्र बैङ्क लागिरहँदा निजी क्षेत्रका छाता संस्थाहरुले मौद्रिक नीतिमा समावेश गर्नुपर्ने विभिन्न सुझाव दिइसकेका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्सलगायत संस्थाहरुले मौद्रिक नीतिबाट सम्बोधन गरिनुपर्ने विषयमा राष्ट्र बैङ्कलाई सुझाव दिइसकेका हुन् ।

मुख्यगरी, अहिले बाह्य क्षेत्र सन्तुलनमा रहेको, बैङ्क वित्तीय संस्थामा पर्याप्त तरलता रहेको, ब्याजदर घटेको जस्ता सकारात्मक सूचकहरु वित्तीय क्षेत्रमा रहे पनि समग्र बजार माग घटेको, बैङ्क वित्तीय संस्थाबाट कर्जा प्रवाह हुन नसकेको, खराब कर्जा बढेको, पुँजीकोष व्यवस्थापनमा चाप रहेकोजस्ता समस्या विद्यमान छ । सरकारले आगामी आर्थिक वर्षको बजेटमा राखेको छ प्रतिशतको आर्थिक वृद्धिदर र साढे पाँच प्रतिशतको वाञ्छित सीमाभित्रको मुद्रास्फीति कायम गर्न सघाउ पुग्नेगरी आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउनुपर्ने देखिन्छ । निजी क्षेत्रले पनि सरकारले लिएको वित्त नीतिलाई सघाउ पु–याउने र समग्र अर्थतन्त्रमा देखिएको शिथिलता चिर्नेगरी मौद्रिक नीति आउनुपर्ने सुझाव दिएका छन् ।

नेपाल उद्योग वाणिज्य महासङ्घले यही असार २५ गते आगामी आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिसम्बन्धी अन्तरक्रिया कार्यक्रम गर्दै राष्ट्र बैङ्कलाई सुझाव दिएको थियो । महासङ्घका तर्फबाट सुझाव दिँदै अध्यक्ष चन्द्रप्रसाद ढकालले बैङ्क वित्तीय संस्थामा पर्याप्त तरलता रहे पनि कर्जा विस्तार हुन नसकेको विद्यमान परिस्थितिमा बजार माग बढाउन र उद्योगको उत्पादन क्षमता विस्तार गर्न सहज हुनेगरी मौद्रिक नीति आउनुपर्नेमा जोड दिएका थिए । उत्पादनमूलक उद्योगको क्षमता बढाउने र व्यापारिक प्रयोजनको भन्दा औद्योगिक प्रयोजनको कर्जा व्याजदर कम गर्ने विषय कार्यान्वयन गर्न मौद्रिक नीतिमा केही व्यवस्था ल्याइनुपर्ने सुझाव महासङ्घको छ । बजार मागमा आएको सङ्कुचनका कारण उद्योगहरुको ऋण तिर्ने क्षमता कम भएकाले त्यसलाई सम्बोधन गरिनुपर्ने र लगानीलाई प्रोत्साहन गर्ने नीति आउनुपर्ने माग महासङ्घको छ ।

पर्यटन तत्काल प्रतिफल दिने क्षेत्र भएकाले यो व्यवसायलाई प्रवर्द्धन गर्ने तथा कर्जा प्रवाह सहज र सुलभ गरिनुपर्ने सुझाव पनि महासङ्घले दिएको छ । गत वर्षभन्दा कर्जाको ब्याजदर घटे तापनि निक्षेपको तुलनामा कर्जा प्रवाह आधा मात्रै बढेको, नगद प्रवाहमा समस्या भएको, न्यून उत्पादन, निजी क्षेत्रको गिर्दो मनोबलका कारण नयाँ लगानीका योजना स्थगन भइरहेकोलगायत समस्या रहेकाले पुराना लगानीकर्ताले लगानी बढाउने र नयाँ व्यवसायीले नयाँ लगानी गर्ने वातावरण आवश्यक रहेको महासङ्घले जनाएको छ । बजारमा माग सृजनाका लागि सानो कर्जा सुविधा विस्तार गर्न बैङ्क वित्तीय संस्थाहरुलाई प्रोत्साहन गरिनुपर्ने तथा सहकारी र लघुवित्तमा आएका समस्याले रकम प्रवाह घटेका कारण यो विषयलाई मौद्रिक नीतिले समेट्नुपर्ने सुझाव महासङ्घले दिएको छ । त्यस्तै, उद्योग व्यवसाय बन्द गर्नुपरेमा साँवाब्याजको किस्ता तिर्ने प्रतिबद्धता भएका उद्योगहरु बन्द गर्न पाउने व्यवस्था गरी सहज कर्जा राफसाफको व्यवस्था गर्न महासङ्घले राष्ट्र बैङ्कसँग आग्रह गरेको छ ।

विगतमा फरक परिस्थितिमा ल्याइएका नीतिहरु अहिलेको अवस्थामा सान्दर्भिक भए–नभएको मूल्याङ्कन गरिनुपर्ने सुझाव महासङ्घको छ । आयात निरुत्साहित गर्ने, कर्जा नियन्त्रण गर्ने नीतिको असर अहिलेसम्म देखिएकाले त्यसलाई सुधार गरिनुपर्ने र चालु पुँजी कर्जासम्बन्धी व्यवस्था सहज बनाउन सकिनेबारे राष्ट्र बैङ्कले पुनर्विचार गर्नुपर्ने महासङ्घको भनाइ छ । उद्योगी–व्यवसायीहरुको अर्को संस्था नेपाल उद्योग परिसङ्घले नीतिगत र संरचनागत सुधारलाई ध्यानमा राखेर आगामी मौद्रिक नीति ल्याउन बैङ्कलाई आग्रह गरेको छ । गत शुक्रबार परिसङ्घका तर्फबाट नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीलाई सुझाव दिँदै आर्थिक गतिविधिमा महिनौँदेखि कायम शिथिलता र उद्योग–व्यवसायको उत्पादन तथा कारोबारमा मन्दीको बहुआयामिक प्रभावलाई ध्यानमा राख्दै मौद्रिक नीति ल्याउन सुझाव दिएको हो । सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेटका लक्ष्यहरु हासिल गर्न सघाउने गरी मौद्रिक नीति ल्याउनुपर्ने आवश्यकता परिसङ्घले औँल्याएको छ । निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहित गर्नुपर्ने र यसबाट नयाँ रोजगारी सृजना तथा बजार मागमा वृद्धिमार्फत अर्थतन्त्र पुनरुत्थानमा सहयोगी हुनेगरी मौद्रिक नीति आउनुपर्ने परिसङ्घको भनाइ छ ।

परिसङ्घले प्रमुख मौद्रिक उपायहरु, समष्टिगत विवेकपूर्ण मौद्रिक उपायहरु र संरचनागत सुधारका विषयमा राष्ट्र बैङ्कलाई सुझाव दिएको छ । राष्ट्र बैङ्कले नीतिगत दर घटाउँदासमेत बैङ्क ब्याजदरमा त्यो प्रतिबिम्बित हुन नसकेको, बरु उल्टै बैङ्क ब्याजदर घट्नुको साटो बैङ्कहरुले बढाएको देखिएको अवस्थामा बैङ्क ब्याजदरलाई अनुशासित गर्न सक्ने गरी नीतिगत दरलाई प्रभावकारी बनाउनुपर्ने सुझाव परिसङ्घको छ । वैधानिक तरलता अनुपात (एसएलआर) लचिलो हुनुपर्ने, अन्तर्राष्ट्रिय अभ्यासअनुरुप हुनेगरी आधार दरको उन्नत विकल्पमा जानुपर्ने, राष्ट्र बैङ्कले हाल लागू गरेको शून्य दशमलव पाँच प्रतिशत काउन्टर साइक्लिकल क्यापिटल बफर (सिसिबी) स्थगन गर्नुपर्ने, निर्देशित क्षेत्रको लगानी सीमा घटाउनुपर्नेलगायत सुझाव परिसङ्घले दिएको छ ।

जोखिम व्यवस्थापन तथा वित्तीय स्थायित्वका लागि खराब कर्जाको हकमा नोक्सानी व्यवस्थामा केही कडाइ गर्नु स्वाभाविक भए पनि किस्ता नियमित भएका असल कर्जाको हकमा कम कायम गर्नु व्यावहारिक हुने परिसङ्घले जनाएको छ । असल कर्जाको हकमा हाल रहेको एक दशमलव दुई प्रतिशतको कर्जा नोक्सानी व्यवस्थालाई एक प्रतिशत कायम गर्नुपर्ने परिसङ्घको सुझाव छ । ऋणीको आय तथा कर्जा भुक्तानी योग्यता र धितोका आधारमा बैङ्क तथा वित्तीय संस्थाले कर्जा प्रदान गर्ने हुँदा शत्प्रतिशतभन्दा माथि कुनै पनि कर्जाको जोखिम भार कायम गर्न नहुने र यदि कुनै कर्जालाई अधिक जोखिमको वर्गमा राखी जोखिम भार सय प्रतिशतभन्दा बढी तोकिएमा सोको बलियो कारण खुलाई पारदर्शिता सुनिश्चित हुने व्यवस्था गर्न राष्ट्र बैङ्कलाई परिसङ्घले सुझाव दिएको हो ।

परिसङ्घले मौद्रिक नीति बनाउन राष्ट्र बैङ्कभित्र छुट्टै मौद्रिक नीति समिति गठन गर्न, सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न, निष्क्रिय कर्जाको वर्गीकरण तथा त्यसअन्तर्गत समूहको कर्जाका सम्बन्धमा गरिएका सम्पूर्ण नयाँ प्रावधानहरु खारेज गर्न, चालु पुँजी कर्जाको प्रावधान तत्काललाई स्थगन गर्न, मुद्दति र बचत निक्षेपमा विद्यमान अधिकतम र न्यूनतम ब्याजदर अन्तर (बढीमा पाँच प्रतिशत) को व्यवस्था हटाउन, ब्याजदरमा पुनरावलोकन गर्दा अघिल्लो महिना प्रकाशित दरमा १० प्रतिशतभन्दा धेरैले र एकपटकभन्दा बढी घटाउन वा बढाउन नपाउने व्यवस्था हटाउनुपर्नेलगायत सुझाव दिएको छ । त्यस्तै, निजी क्षेत्रको अर्को संस्था नेपाल चेम्बर अफ कमर्सले गत शुक्रबार एक औपचारिक कार्यक्रममार्फत मौद्रिक नीतिमा समावेश गरिनुपर्ने विषयबारे राष्ट्र बैङ्कलाई सुझाव दिइसकेको छ । उच्च आर्थिक वृद्धिका लागि स्थायी रुपमा एकल अङ्कको ब्याजदर कायम हुने नीति लिनुपर्ने, बैङ्क दर तथा नीतिगत दरहरु क्रमशः घटाउँदै लैजानुपर्ने, मुद्दति खाता र बचत खाताका फरक सीमामा विगतझैँ खुला राख्नुपर्नेलगायत सुझाव राष्ट्र बैङ्कलाई दिएको छ । आर्थिक मन्दीबाट उन्मुक्ति नपाउन्जेलसम्ममा उद्यमी–व्यवसायीहरुलाई चालु पुँजीको उपलब्धता सरल र सहज तवरले हुनुपर्ने एवं चालुपुँजी कर्जा मार्गदर्शनलाई स्थगित गर्नुपर्नेलगायत सुझाव चेम्बर अफ कमर्सबाट आएका छन् । रासस

# शिक्षाको उज्यालो खोज्दै हजुरआमाहरु

> “‘सबै पढ्न लेख्न जान्ने देखेँ, मलाई क, ख पनि नआउने’, पहिलो दिन सम्झिँदै भनिन्, ‘मेरो जिन्दगी त बेकार नै रहेछ भन्ने लाग्यो अनि म त रोएँ ।’ लगातार एक वर्ष कक्षा धाइसकेपछि उनको जीवनमा अहिले उज्यालो छाएको छ ।”

**कुम्भराज राई**
**काठमाडौँ ।**

बूढानीलण्ठ नगरपालिका– १२, कपन फैँकाकी नीरा कोइराला उमेरले ५१ वर्ष पुगिन् । उनी ओखलढुङ्गाको रातमाटेमा जन्मिएकी हुन् । सानोमा उनले विद्यालय टेक्नै पाइनन् । ‘छोरी मान्छेको जात अरुको घर जाने हो किन पढ्नुप¥यो भन्ने चलन थियो’, उनले भने, ‘पढ्ने उमेर घाँसपात मेलापात गर्दैमा बित्यो । बिहेपछि छोराछोरी हुर्काउँदै ठिक्क भइयो ।’ उनका चार सन्तानमध्ये जेठी छोरी राष्ट्रिय वाणिज्य बैङ्कमा जागिरे छिन् । कान्छी छोरी र जेठो छोरो अष्ट्रेलिया छन् । कान्छो इन्जिनीयरिङ अध्ययनरत छन् । उनको श्रीमानको पेशा शिक्षण हो । पढाइ नहुँदा नीराले जीवनमा धेरै हन्डर भोग्नुप¥यो । श्रीमानको कमाइमा मात्र कति भर पर्नु भनेर छोराछोरी हुर्काउँदै उनले चप्पल उद्योगमा चार वर्ष काम गरिन् । नाम लेख्न नजान्दा सबै ठाउँमा ल्याप्चे लगाउनुपथ्र्यो । ‘अरु सबै लेखपढ गर्न जान्ने थिए । म मात्रै अनपढ । अनपढ हुनु भनेको त मान्छे नै नहुनु जत्तिकै पो रहेछ’, उनले भनिन् । एक वर्षअघिको कुरा हो । छिमेकी दिदी कलम कापी बोकेर साँझमा घर फर्कंदै गरेको देखिन् । ती दिदीलाई सोध्दा बालकुमारी माध्यमिक विद्यालयमा पढेर आएको सुनाइन् । वयस्क उमेरका मान्छेलाई दैनिक दुई घण्टा पढाइ हुने खबर सुनेपछि उनी भोलिपल्टैदेखि जान तयार भइन् । पढ्न गएको पहिलो दिन उनी कक्षा कोठामै रुइन् । ‘सबै पढ्न लेख्न जान्ने देखेँ, मलाई क, ख पनि नआउने’, पहिलो दिन सम्झिँदै भनिन्, ‘मेरो जिन्दगी त बेकार नै रहेछ भन्ने लाग्यो अनि म त रोएँ ।’ लगातार एक वर्ष कक्षा धाइसकेपछि उनको जीवनमा अहिले उज्यालो छाएको छ । हिजोआज उनलाई दिउँसोको धरधन्दा सकिनेबित्तिकै कापी कलम बोकेर स्कुल जाने हतारो हुन्छ । बेलुकी चारदेखि छ बजेसम्म सञ्चालन हुने कक्षामा सक्रिय भएर पढ्छिन् । नाम लेख्न, सामान्य लेखपढ गर्न, कतै बाहिर निस्किदा साइनबोर्डहरु पढ्न मज्जाले आउँछ उनलाई । घरायसी किनमेल गर्दा जोड, घटाउ, गुणन, भाग गर्न अरुलाई सोध्नु पर्दैन । ‘अहिले त फेसबुक पनि चलाउन जान्ने भएकी छु’, मुसुक्क हाँस्दै उनले भनिन्, ‘पढ्ने हुटहुटी यस्तो जागेर आयो कि एसइईसम्मै पढ्ने रहर लागेको छ ।’ कपनकै स्थायी बासिन्दा गङ्गा ढुङ्गानाको कपाल फुलिसके । उमेरले ६३ औं वसन्त टेकिसक्यो । नातिले यसपालि एसइई पास ग¥यो । उनी पनि नीराकी सहपाठी हुन् । सिन्धुपाल्चोक माइत भएकी उनको बिहे नौ वर्षमै भयो । ‘विद्यालय जाने र पढ्ने कुरा थाहा पाउनु त परै जावस् । बिहे के हो भन्ने थाहा नहुने उमेरमै बिहे भयो’, उनले ती दिन सम्झिइन्, àछोरी मान्छेको जात बिहे गरेर अरुको घर जाने र छोराछोरी जन्माउने मात्रै होला जस्तो लाग्थ्यो ।’ उमेर बढ्दै जाँदा थाहा भयो पढाइको महत्व । साइनबोर्ड पढ्न नजान्दा काठमाडौँमै पटकपटक हराउनुप¥यो । कुनै गाडी चढ्न खोज्दा कता जाने हो भनेर सोध्नुपर्ने बाध्यता । उनका पाँच नातिनातिना हुर्किसके । उनी पनि एक वर्षदेखि बालकुमारी माविमै सञ्चालित अनौपचारिक शिक्षा कक्षामा पढिरहेकी छन् ।

छोरी मान्छेले पढ्यो भने पोइला जान्छन् भन्ने सुनेकी उनी बुढेसकालमा पढ्न पाउँदा औधी खुसी छिन् । क्षा दुईसम्मको किताब पढ्न सक्ने भएकी छन् उनी । ‘पढाइ भन्ने कुरा नमरेसम्म काम लाग्ने रहेछ । पढ्नु जान्नुको मज्जा बुझेपछि पढाइ छोड्नै मन छैन’, उनी भन्छिन् । काठमाडौँ महानगरपालिका–६ बौद्ध बस्ने ४४ वर्षिया निरु पराजुलीसँग पढाइलेखाइ नहुँदाका मर्मस्पर्शी घटना छन् । लेखपढ नभए पनि गीत गाउन, कविता भन्नमा



उनको सानैदेखि रुची थियो । विसं २०५५ मा धादिङको एउटा साहित्यिक तथा सांस्कृतिक कार्यक्रममा सहभागी हुने अवसर पाइन् । उक्त कार्यक्रममा कविता भन्ने पालो आयो उनको । मञ्चमा जाँदा खै त कविता ? भनेर सोधियो । उनले मलाई लेख्न आउँदैन मुखैले भन्छु भन्दा अवसर दिइएन । उनले आयोजकसँग धेरै अनुरोध गरेपछि कविता वाचन गर्न पाइन् । उनको मौखिक कवितालाई निर्णायकले लेख्य रुपमा उता¥यो र पुरस्कृत ग¥यो ।

‘पढ्न लेख्न जान्नैपर्ने रहेछ भन्ने महत्व मैले त्यसैबेला महशुस गरेँ’, उनले भनिन्, ‘लेख्नै नजान्नेको कविता पनि पुरस्कृत भयो भनेर धेरैले कुरा काटे । त्यहाँदेखि मलाई पढाइको भोक जागेको हो । तर, पढ्ने अवसर पाइएन ।’ काभ्रेको कोशीपारि धुसेनीमा जन्मिएकी उनलाई बुबाआमाले पढ्नै नदिएको भने होइन । चार दिदीबहिनीमा साहिली निरुले त्यतिबेला पढ्ने मन गरिनन् ।

उनकी जेठी छोरी बेलायतमा छिन् । कान्छीको बिहे भइसक्यो । छोरो सानै छ । सुरुमा विकल्प महिला शिक्षा ज्ञान केन्द्रमा पढ्न थालेकी उनी पनि एक वर्षदेखि बालकुमारी माविमा सञ्चालित सन्ध्याकालीन अनौपचारिक कक्षामा सहभागी भएकी हुन् । अहिले गीत, कविता आफ्नै डायरीमा लेख्छिन् । सामान्य अङ्ग्रेजी लेख्न, पढ्न आउँछ । मोबाइलमा फेसबुक चलाउन सक्छिन् । ‘पढ्न जानेपछि जो कोहीको अगाडि बोल्न डर नलाग्ने रहेछ’, उनको अनुभव छ, ‘मनमा लागेका सबै कुरा गीत कविताको माध्यमबाट लेख्नु सजिलो हुने रहेछ ।’ उमेरले तीन बिसा (६० वर्ष) नाघ्ने तरखर गरिसक्यो देवकी ढकालको । तर, उनमा पढ्ने जोश १६ वर्षे झैँ छ । ‘पढ्ने कुरा सम्झिँदा त भर्खर १५ कटेकी छु जस्तो लाग्छ’, जोशिलो हुँदै उनले भनिन्, ‘मलाई त कम्तिमा एसइई पास गर्न पाए कस्तो हुन्थ्यो भन्ने पो लाग्दैछ ।’ सिन्धुपाल्चोकको सिन्धुकोट सिन्धुमसुरे माइत भएकी देवकीको लाखेपोखरीमा बिहे भयो । पछि काठमाडौँ आएकी उनको स्थायी बसोबास बुढानीलकण्ठ नगरपालिका–१२ मा छ । श्रीमान बितिसकेपछि उनी एक्लो जस्तो भएकी थिइन् । एक वर्षदेखि अनौपचारिक शिक्षामा कक्षा लिइरहेकी उनी कक्षाकै ‘ट्यालेन्ट’ मध्येकी एक हुन् ।

अहिले उनलाई सामान्य लेखपढ, हिसाब गर्न आउँछ । अस्पतालमा शय्या नं हेर्न, बैङ्कमा भौचर भर्न आफैँ सक्ने भएकी छन् । कुन रुटको बस कता जान्छ भन्ने हेर्ने बित्तिकै थाहा पाउँछिन् । ‘मलाई त पनातिसँगै भए पनि एसइई दिउँ जस्तो लाग्दैछ’, उनले भनिन् । अनौपचारिक शिक्षाको अवधारणा राम्रो भए पनि यसलाई थप व्यवस्थित गर्नुपर्ने उनको सुझाव छ । अहिले कक्षा सञ्चालन भइरहेको विद्यालयमा कक्षाकोठा साँघुरो छ । बेलोबलामा सबैजना कक्षामा अट्नै गाहे हुन्छ । भर्खरै पढ्न आउने र एक वर्षदेखि पढिसकेका एकै ठाउँमा हुँदा पढाइको तालमेल नमिल्ने उनको गुनासो छ । तेह्र वर्षको उमेरमा बिहे गरेर २०५४ को स्थानीय निकाय निर्वाचनमा वडा सदस्य निर्वाचित भएकी देवकीलाई पढ्नु भनेको जीवनलाई अँध्यारोबाट उज्यालोतर्फ लैजानु रहेछ भन्ने लागेको छ । ‘पढ्नलाई उमेरले नछेक्ने रहेछ । लेखपढ नगरी मरेको भए त स्वर्ग पनि गइन्न थियो कि जस्तो लाग्न थालेको छ’, उनी भन्छिन् ।

उल्लिखित पात्रहरुभन्दा जेठी छिन् गोमा आचार्य । कपनमै बस्नुहुने आचार्य ६९ वर्षकी भइन् । उनी पनि नीरा, गङ्गा, निरु र देवकीकै सहपाठी हुन् । बाह्र वर्षको उमेरमा बिहे गरेकी उनी २०४५ सालमा काठमाडौँ आएकी हुन् । एक वर्षअघि कखरा पढ्न थालेकी उनले औँठाछापबाट मुक्ति पाएकी छन् । ‘अर्को सालदेखि त भत्ता पाउँछु भनेका छन् । सबै कागजात बुझाइसकेँ’, उनले भनिन्, ‘अब भत्ता बुझ्ने बेला ल्याप्चे गर्नुपर्दैन, नाम लेख्न सक्छु ।’ सोलुखुम्बुको नेचासल्यानमा जन्मिएर ओखलढुङ्गाको च्यानम बिहे गरेकी दुर्गा अधिकारी ५३ वर्षकी भइन् । सानोमा दाजुले पढेपछि हुन्छ भन्ने लागेर उनी स्कुल गइनन् । सत्र वर्षमा बिहे भएको उनले त्यसपछि मात्र पढाइको महत्व बुझ्न् ि। उनी सानो हुँदा कक्षा चारसम्म विद्यालय गएकी हुन् । त्यतिखेर पाटीमा माटो दलेर सिटाले लेख्नुपथ्र्यो । पढाइमा खासै ध्यान दिइनन् ।

अहिले दुर्गाले अनौपचारिक शिक्षाको कक्षा लिइरहेकी छन् । एक वर्षमा जोड, घटाउ, गुणन, भाग गर्न सक्ने भइन् । ए, बी, सी, डी जानिन् । मोबाइल चलाउन सिक्दै छिन् । ‘नातिनातिनासँगै स्कुल जाउँ कि भनेको थिएँ तर त्यतिखेर जान सकिएन’, उनले भनिन्, ‘अहिले पढ्न पाउँदा खुसी छु । तर, हामीले पढे अनुसार कक्षा चढ्दै जाने भए हुन्थ्यो ।’ बालकुमारी मावि फैँकामा उनीहरुजस्ता ४५ जना वयस्क र वृद्धा उमेरका महिला अनौपचारिक शिक्षाअन्तर्गत वडाले सञ्चालन गर्दै आएको कक्षामा पढ्छन् । उनीहरुलाई ‘निरन्तर शिक्षा तह–१’ पुस्तक पढाउने गरेको स्वयंसेवी शिक्षिका रीता सिलवालले बताइन् । उक्त पुस्तकमा कक्षा एकदेखि दुई सम्मका विद्यार्थीले पढ्नेस्तरका नेपाली, अङ्ग्रेजी र गणितका पाठ्यसामग्री समावेश छन् ।

सामान्य लेखपढसमेत नभएका धेरै गृहिणी महिलाहरु कक्षामा आउन चाहेको उनको भनाइ छ । ‘यदि दिउँसो ११ बजेदेखि ३ बजेभित्र कक्षा सञ्चालन गर्ने हो भने कपनमै एक सय ५० जति गृहिणीहरु पढ्न आउँछन्’, उनले भनिन्, ‘तर हामीसँग त्यति संख्यामा पढाउने कक्षा कोठा र पढाउने जनशक्ति छैन ।’ बूढानीलकण्ठ–१२ मा अनौपचारिक शिक्षा कक्षा २०७० सालदेखि सुरु भएको हो । त्यतिखेर वडा नं १० मा बिन्दा गौतम, सावित्री भट्टराईलगायतका महिलामैत्री भन्ने एउटा मञ्च थियो । सोही मञ्चको नेतृत्वमा अनौपचारिक शिक्षा कक्षा सञ्चालन भएको हो । तत्कालीन वडा नागरिक मञ्चका संयोजक शम्भुप्रसाद भट्टराईले २०७४ सालको स्थानीय तह निर्वाचनमा वडा नं १२ मा अध्यक्ष निर्वाचित भएपछि यो कक्षा सञ्चालनलाई निरन्तरता दिए । ‘यो कक्षा तीनवटै वडामा लोकप्रिय भएपछि नगरपालिकाको सबै वडामा सञ्चालन गर्ने कि भन्ने छलफल भइरहेको छ’, उनले भने, ‘हामीले वार्षिक दुई लाख ५० हजार बजेट विनियोजन गरेर तीनवटा वडामा कक्षा चलाइरहेका छौँ ।’ नगरपालिकाको नगर सुशासन समितिका संयोजकसमेत रहेका भट्टराईले अनौपचारिक शिक्षा कक्षा जुनजुन विद्यालयमा सञ्चालन भइरहेका छन्, सोही विद्यालयसँग समन्वयगरी पढाइअनुसार कक्षा चढाउँदै लैजाने तयारी गरिरहेको बताए ।

अहिले तीन वटा वडामा दुईजना स्वयम्सेवी शिक्षिकाहरुले पढाउँदै आएका छन् । उनीहरुलाई मासिक आठ हजार तलब सुविधा वडाले उपलब्ध गराएको छ । विविध कारणले सानोमा विद्यालय जान नपाएकी गृहिणी महिलाहरु यी कक्षाका लक्षित समूह हुन् । ‘शिक्षा त्यस्तो शक्तिशाली हतियार हो, जसको माध्यमबाट तपाईं संसार बदल्न सक्नुहुन्छ’, भन्ने दक्षिण अफ्रिकाका प्रथम अश्वेत राष्ट्रपति नेल्सन मण्डेलाको भनाइ झैँ शिक्षाप्रति उनीहरुले देखाएको उत्साहले पक्कै समाज रुपान्तरणमा सहयोग गर्नेछ । रासस

# मानवबेचबिखनविरुद्ध चेतना जागृत गर्दैं महिला



**बाँके ।** जिल्लाको जानकी गाउँपालिकाका महिला मानवबेचबिखन र लैङ्गिक हिंसाविरुद्ध गाउँबस्तीमा चेतना जागृतिमा क्रियाशील भएका छन् । जानकी–१ साइगाउँ, वडा नं ४ खजुराखुर्द र वडा नं ६ गनापुरका महिलाले सङ्गठित भएर मानव बेचबिखन र लैङ्गिक हिंसाविरुद्ध विविध गतिविधि सञ्चालन गर्दै आएका छन् । जानकी–४ नहरचोक निवासी देवीसरा ठकुरी भुजुवाले घरेलु हिंसाकै कारण महिला हिंसामा पर्दै आएकाले घरपरिवारमै चेतना जागृत गर्नुपर्ने बताए । ‘गरिबी र अर्थाभावको फाइदा उठाएर महिलालाई ललाइफकाई गर्नेविरुद्ध सचेत हुन जरुरी छ’, देवीसारले भने, ‘आर्थिक रूपमा कमजोर महिला, अभिभावकविहीन बालबालिकालाई दलालले आँखा लगाउन सक्छन् ।’ स्थानीय ज्ञानु स्वर्णकारले टोलबस्तीमा गठन भएका स्वावलम्बन समूहमा महिला दिदीबहिनीबीच मानव बेचबिखन र लैङ्गिक हिंसाका बारेमा छलफल र चेतना जगाउने गतिविधि हुँदै आएकाले अहिले सबै जागरुक हुँदै गएको बताए । आइएनएफ बाँकेले सञ्चालन गरेको ‘मानव बेचबिखन र लैङ्गिक हिंसा अन्त्यका लागि समुदायमा हाम्रो प्रयास’ परियोजनामार्फत गठित स्वावलम्बन समूहमा महिला दिदीबहिनीले गाउँटोलका सामाजिक समस्या र मानवबेचबिखन, महिला हिंसालगायत विषयमा छलफल गर्दै आएका छन् । जानकी गाउँपालिका–६ कपासीकी गीता तिवारीले मानवबेचबिखन र लैङ्गिक हिंसाका बारेमा महिला दिदीबहिनी सचेत हुँदै गए पनि घटना कम गर्न नसकेको बताइन् ।

मानव बेचबिखन तथा घरेलु हिंसाको प्रारम्भ आर्थिक कमजोरीका कारण हुने भएकाले आर्थिक रूपमा महिलालाई लाभ हुनेगरी स्थानीय सरकार र सामाजिक सङ्घसंस्थाले कार्यक्रम सञ्चालन गर्नुपर्ने उनको माग छ । ‘पढेलेखेका, जानेबुझेका महिला दिदीबहिनी नै लैङ्गिक हिंसाको सिकार भइरहनुभएको छ’, उनले भने, ‘लैङ्गिक हिंसालाई घरपरिवारको आन्तरिक मामिला ठान्ने परिपाटीले बाहिर आउन सकेको छैन ।’ जानकीको साईगाउँ, खजुराखुद्र्ध र गनापुरमा गठन भएका ३० स्वावलम्बन समूहमा आबद्ध करिब तीन सय महिलाले अहिले गाउँ समाजमा मानव बेचबिखन र लैङ्गिक हिंसाविरुद्ध आफू सचेत हुँदै समाजलाई सचेत बनाउन लागि परेका छन् ।

जानकी गाउँपालिका–६ गनापुर निवासी सञ्जु गडरियाले समूहमा आबद्ध भएपछि अहिले मानव बेचविखन हुने कारण, लैङ्गिक तथा घरेलु हिंसाका बारेमा जान्ने बुझ्ने अवसर पाएको बताए । जानकी गाउँपालिका–४ का वडाध्यक्ष रमेशकुमार बर्माले समुदायस्तरमा आइएनएफले सञ्चालन गरेको परियोजनाले धेरै सकारात्मक काम गर्दै आएको बताउँदै स्थानीयवासीले सिकेका कुरालाई व्यवहारमा उतार्ने प्रयास गर्दै आएको बताए । उनले भने, ‘मधेशी समुदाय अझै पनि शिक्षा र चेतनाका हिसाबले पछाडि रहेकाले लैङ्गिक हिंसालगायत सामाजिक विकासमा पनि पछाडि परको छ ।’

आगामी आवका लागि मानव बेचबिखन र लैङ्गिक हिंसा अन्त्य गर्न स्थानीय सरकारको तर्फबाट पनि समन्वयमा कार्यक्रम प्रभावकारी बनाइने छ’, वडाध्यक्ष बर्माले भने ।

### त्रिशूली बस बेपत्ता

# अहिले सम्म ९ शव फेला, ४ जनाको सनाखत हुन बाँकी

## • बेपत्ताको खोजी गर्न विदेशबाट प्रविधि ल्याउन पहल



गृहसचिव एकनारायण अर्यालले त्रिशूली नदीमा बेपत्ता बस र यात्रुको खोजी गर्न धमिलो पानीमा खोजी गर्न सकिने प्रविधि ल्याउन पहल भइरहेको बताएका छन् । सिमलताल पहिरोमा परेर त्रिशूली नदीमा बेपत्ता बस र यात्रुको खोजीको प्रगतिबारे जानकारी लिन उच्च सुरक्षा अधिकारीसहित यहाँ आएका अर्यालले थप प्रविधिबारे दातृ निकाय र विभिन्न देशका दुतावाससँग कुरा भइरहेको जानकारी दिए । उनले बेपत्ताको खोजी गर्न सरकारले प्रविधिसहितका पाँच सय सुरक्षाकर्मी र गोताखोर परिचालन गरिएको बताए । उनले पानीको सतह घट्दै गएपछि आधुनिक उपकरण प्रयोग गरेर खोजीलाई तीव्रता दिइने बताए । सचिव अर्यालसहित प्रहरी महानिरीक्षक वसन्त कुँवरलगायतको सुरक्षा टोलीले आइतबार नै दुर्घटनास्थलको स्थलगत निरीक्षण गर्ने जनाइएको छ ।

यही असार २८ गते बिहान ३ः३० बजेको समयमा भरतपुर महानगरपालिका–२९ नारायगढ–मुग्लिन सडकखण्डको सिमलतालमा वीरगन्जबाट काठमाडौँ जाँदै गरेको बागमती प्रदेश ०३–००६ ख १५१६ नंको एञ्जल डिलक्स र काठमाडौँबाट गौरतर्फ आउँदै गरेको बागमती प्रदेश ०३२४९५ ख००१ नंको गणपति डिलक्स बस त्रिशूली नदीमा खसेका थिए ।

**मधेशदृष्टि**
**वीरगंज ।**
शुक्रबार बिहान चितवनको नारायणगढ–मुग्लिङ सडक खण्डको सिमलतालमा पहिरो जाँदा त्रिशूली नदीमा बेपत्ता यात्रुसहित दुई वटा बस बेपत्ता भएका थिए । जसमा जसमा ६० भन्दा बढी यात्रुहरु रहेको बताइएको छ । यद्यपि यकिन हुन अझै सकेको छैन । बसमा टिकट काटेर आउने बाहेकका यात्रुहरू पनि रहेको हुनसक्ने अनुमान छ । आइतबार साँझ तालिमप्राप्त गोताखोरसहित खोजी कार्यको लागि प्रविधिको प्रयोग गरि चार दिनसम्म खोजी गर्दा दुईवटा बसमा सवार यात्रुहरुमध्ये ९ जनाको शव भेटिएका छन् । जसमध्ये ५ जनाको स्थाखत भएको छ । उनीहरु घटनास्थलभन्दा ५०–६० किलोमिटर तल नारायणी नदी तटीय क्षेत्रमा भेटिएका हुन् । भेटिएकामध्ये तीन जना भारतीय नागरिक रहेका छन् । भेटिएका ९ जनामध्ये पहिचान खुलेका ५ जनामा भारत बिहारका ऋषि पल साह, बिहारकै चम्पारणका जयप्रकाश ठाकुर र अर्का भारतीय नागरिक सजाद अन्सारी छन् । त्यसैगरि पहिचान खुलेका अन्यमा चितवन माडी घर भएका विकास परियार, सर्लाहीका रमित कुसर माझी रहेका छन् । उनीहरुको शव भरतपुर २८ गोलाघाट र नवलपुरको गैँडाकोट ७ गैरी क्षेत्रमा भेटिएको हो ।

आइतबार थप चारवटा शव फेला परेका छन् । जिल्ला प्रशासन कार्यालय चितवनका अनुसार पूर्वी नवलपरासीको विनयी त्रिवेणी गाउँपालिका ७ गण्डक नहरमा दुई, पश्चिम नवलपरासीको सुस्तामा एक र भरतपुर महानगरपालिका २६ सिसुवामा एउटा शव फेला परेको हो । शवको सनाखत हुन बाँकी रहेको चितवन प्रहरीले जनाएको छ ।

दुर्घटना आसपासमै गाडी नभेटिएपछि खोजी टोलीले घटनास्थल आसपास प्रयोग गरिएको विभिन्न प्रविधिको प्रयोगबाट पनि दुईवटा बसको खोजीमा कुनै प्रमाण भेटिने संकेत नभएपछि उक्त क्षेत्र छाडेका हुन् ।

भरतपुर र नवलपुरका नारायणी किनारमा शव भेटिन थालेपछि बसभन्दा प्राथमिकतामा अहिले बेपत्ता यात्रु परेका छन् । घटनास्थल सिमलतालबाट करिब दुई किलोमिटर तल सशस्त्रसहितको टोलीसहित खोजी कार्यमा भेटिएका चितवन प्रहरीका डीएसपी श्रीराम भण्डारी घटनास्थलभन्दा तलतर्फ सातवटा प्वाइन्ट बनाएर खोजी कार्य थालिएको बताउँछन् । उनका अनुसार सशस्त्र प्रहरी र नेपाल प्रहरीले घुमाउनूबाट ८ वटा बोट, ५ वटा कायक र केही निजी वाटर बोट पनि प्रयोग गरेर नदीको सबै भागमा हेर्दै अघि बढेको छ । उद्धारमा संलग्न तालिमप्राप्त टोलीले दुर्घटनामा फसेका बसहरु घटनास्थलभन्दा तल घुमाउने, तल सेती दोभान लगायतका फराकिलो क्षेत्रमा पो आइपुगेको छ कि भनेर खोजी गरिरहेका छन् । घटनास्थलबाट त्रिवेणीसम्म ६ वटा भागमा विभाजन गरेर खोजी गरिरहेका जनाइएको छ । खोजीमा नेपाल प्रहरीको मात्रै १६२ जना संलग्न छन् ।

## • धमिलो पानीमा खोज्न कठिन



सशस्त्र प्रहरी बलले चितवनको नारायणगढ—मुग्लिङ सडक खण्डको सिमलतालमा पहिरो जाँदा त्रिशूलीमा बेपत्ता भएकाहरूको खोजी कार्य तीव्र पारेको जनाएको छ । शुक्रबार बिहानबाटै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले उद्धार तथा बेपत्ताको खोजी कार्य जारी राखे पनि आशातीत परिणाम प्राप्त गर्न सकेको छैन । जसकारण सरकारप्रति आम नागरिकहरू रुष्ट छन् । सरकारले बेपत्ता नागरिकहरूको खोजी कार्यमा तदारुकता नदेखाएको गुनासो आम नागरिकको छ ।

सशस्त्र प्रहरी बलका प्रवक्ता सशस्त्र प्रहरी नायव महानिरीक्षक कुमार न्यौपानेले त्रिशूली नदी यहाँबाट बुझेको र त्यहाँ भएको परिस्थितिमा धेरै फरक रहेको बताए । उनले अहिले नदीमा लेदोसहितको बाढी आइरहेकाले पानी धमिलो हुँदा बेपत्ताहरूको खोजी कार्य प्रभावित बनिरहेको बताए । उनले धमिलो पानी र लेदोसहितको बाढीले सुरक्षा निकायले आशातीत परिणाम दिन नसकेको बताए । ४÷५ वटा शवहरू करिब ५५÷६० किलोमिटरको फरकमा फेला परेको र बसको अझै पत्ता नलागेको बताए ।

# सफाइ पाएसँगै पुनः कार्यभार सम्हाले जलेश्वरका मेयर–उपमेयर

**मधेशदृष्टि**
**महोत्तरी ।**
आर्थिक अनियमितताको आरोपमा निलम्बनमा परेका महोत्तरी सदरमुकाम जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनारले मुद्दामा सफाइ पाएपछि आइतबारदेखि पुनः कार्यभार सम्हालेका छन् । उनीसहित उपप्रमुख रौशन खातुन, वडा नं १ का वडाअध्यक्ष अनिलकुमार झा, कार्यपालिका सदस्य सोगरा खातुन, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत मित्रलाल ढकाल र अधिकृत धिरेन्द्र झाले पनि सफाइ पाएपछि आइतबार देखि नै कार्यभार सम्हालेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत वैशाख २७ गते जलेश्वर नगरपालिकाका प्रमुख, उपप्रमुखसहित १२ जनामाथि विशेष अदालतमा भ्रष्टाचार कसुरमा मुद्दा दायर गरेको थियो । असार २६ गते विशेष अदालतले १२




जनामध्ये माथि उल्लेखितलाई सफाइ दिएपछि उनीहरुले आइतबारदेखि जलेश्वर नगरपालिकामा आ–आफ्नो कार्यभार सम्हालेका छन् । सोही मुद्दामा विशेष अदालतले आंशिक कसुर ठहर गरेका जलेश्वर नगरपालिकाका वरिष्ठ इन्जिनियर पवनकुमार झा, इन्जिनियर राकेशकुमार चौधरी र सव–इन्जिनियर दिपेशकुमार साहलाई कैद तथा जरिवाना तोकेको छ भने उपभोक्ता समितिका अध्यक्ष राकेशकुमार साह, सचिव सिकेन्द्र चौधरी र कोषाध्यक्ष सन्तोषी देवीलाई जरिवाना तोकेको छ ।

# लागुऔषध कारोबारीको ‘ट्रान्जिट’ काठमाडौँ

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रहरीले झन्डै छ किलो कोकिनजस्तो देखिने पदार्थसहित एक मलेसियन नागरिकलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौँको विशेष टोली र प्रहरी वृत्ति लैनचौरको संयुक्त टोलीले आइतबार ठमेलस्थित काठमाडौँ सिटी होटलबाट ४७ वर्षीया मलेसियन महिला बाथुमलाई भादिभालोलाई पक्राउ गरेको हो । प्रहरीले भादिभालोका साथबाट पाँच किलो आठ सय २० ग्राम कोकिनजस्तो देखिने पदार्थ बरामद गरेको छ । प्रहरी परिसर काठमाडौँले आज यहाँ पत्रकार सम्मेलनमार्फत बरामद गरिएको लागुऔषधसहित महिलालाई सार्वजनिक गरेको हो । ती महिलाले छवटा विद्यालय झोलामा ‘फल्स बटम’ बनाई उक्त पदार्थ



थाइल्यान्डको बैङ्कक हुँदै नेपाल भित्र्याएको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक वसन्त रजौरेले जानकारी दिए । बरामद गरिएको लागुऔषधको अन्दाजी मूल्य २० करोड ३७ लाख रुपैयाँ हुने प्रहरीले जनाएको छ । उक्त होटलमा लागुऔषधको कारोबार भइरहेको भन्ने विशेष सूचनाका आधारमा प्रहरीले छापा मारेको थियो । ती महिला मलेसियाबाट १२ जुलाई २०२४ मा लाओस पुगेको, लाओसबाट १३ जुलाईमा थाइल्यान्डको बैङ्कक हुँदै राति ११:२५ बजे काठमाडौँ आएको प्रहरी अनुसन्धानबाट खुलेको छ । उनको साथबाट यही जुलाई १९ मा काठमाडौँबाट मलेसिया फर्कने हवाई टिकट फेला परेको प्रहरीले जनाएको छ । पक्राउ परेकी महिलाले लाओस वा थाइल्यान्डबाट कोकिन ल्याएको प्रहरीको आशङ्का छ । कोकिन पठाउने लाओस वा थाइल्यान्डमा रहेको र पाउने भारतमा रहेको अनुमान गरिएको छ । ती महिलाले ‘मेडियटर’को काम गरेको अर्को व्यक्ति भारतबाट काठमाडौँ लिन आएको हुनसक्ने प्रहरीको भनाइ छ । पक्राउ परेकी महिला मलेसियाको भाषा मात्र बोल्ने भएकाले थप अनुसन्धानमा जटिलता थपिएको प्रहरीको भनाइ छ । ती महिलाले कोकिन काठमाडौँलाई ‘ट्रान्जिट’ बनाएर भारत पठाउन लागेको आशङ्का गरिएको छ । उक्त कोकिन लिन आउने व्यक्तिको खोजी तीव्र पारिएको प्रहरीको भनाइ छ । अहिले ठूलो परिणामको लागुऔषधसँगै पक्राउ परेकी ती महिलाले यसअघि पनि पटकपटक नेपाल आउँदा लागुपदार्थको ओसारपसार गर्ने गरेको हुनसक्ने निष्कर्षसहित अनुसन्धानलाई व्यापक बनाइएको प्रहरी वरिष्ठ उपरीक्षक रजौरेले बताए ।




ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा. लि.
Institute of Health Research Development Pvt. Ltd.

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

मधेश प्रदेशको सबैभन्दा पहिलो २०५२ सालदेखि संचालनमा रहेको ईन्स्टिच्युट अफ हेल्थ केयर रिसर्च डेभलपमेन्ट प्रा.लि., जनकपुरधाम-४, धनुषामा शैक्षिक सत्र २०८१/०८२ को लागि स्वास्थ्य तर्फको सामान्य चिकित्सा हेल्थ असिस्टेन्ट ३ वर्षे कोर्षमा भर्ना खुलेकोले SLC/SEE पास विद्यार्थीहरुले प्रवेश परीक्षा आवेदन फारम भर्नुहोस् ।

तपसिल
१. फारम भर्ने मिति : २०८१/०३/१६ गतेदेखि २०८१/०४/१३ गते दिउँसो २ बजेसम्म
२. प्रवेश परीक्षा मिति : २०८१/०४/१९ गते, बिहान ८ बजे
३. सम्पर्क स्थान : ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट, प्रा.लि., जनकपुरधाम-५, धनुषामा, कर्मचारी संचयकोष कार्यालयदेखि (करिब ५० मिटर) दक्षिण
☎ ०४१-४२२६७९/९८४६०७३३००/९८४४२२०९६८/९८४४०५३९५५/९८२७८३४१८४
नोटः- यस ईन्स्टिच्यूटमा २०५२ साल देखि अ.हे.व./अ.न.मी. कार्यक्रमहरु साथै २०७१ सालदेखि सामान्य चिकित्सा H.A. ३ वर्षे कार्यक्रम संचालनमा रहेको समेत जानकारी गराईन्छ ।

- प्रिन्सिपल

# तारा देवीको श्रद्धाञ्जली सभामा महासेठ



**मिश्रीलाल मधुकर**
**सुनसरी ।**
भारती बिहारका पूर्व विधान पार्षद सुमनकुमार महासेठ सुनसरी पुगेर तारा देवीको तस्बिरमा पुष्प अर्पित गरेका छन् ।

सुनसरी जिल्लाको इनरवा नगरपालिका वडा–९ बबिया निवासी नेपाल वैश्य युवा संघका राष्ट्रिय अध्यक्ष दिलीपचन साहको निवासमा पुगेर उनकी आमा तारा देवीको तस्बिरमा पुष्प अर्पण गरेका हुन् । तारादेवीको गत असार १९ गते निधन भएको थियो । श्रद्धाञ्जली सभामा राष्ट्रिय वैश्य महासभा बिहार प्रदेश सचिव प्रह्लाद पुर्वे, पूर्ण वैश्य समाजका बिहार मधुबनी जिल्ला अध्यक्ष राम शोभित साह लगायत अन्य विभिन्न व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । स्वर्गीय तारादेवीको तीन छोरा र एक छोरी रहेका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन